
स्वावलम्बन
# सम्बाद
स्वावलम्बन विकास केन्द्रको समाचारपत्र - असोज २०८१, अंक ९

# १४औँ सामाजिक व्यवसाय दिवस फिलिपिन्सको मनिलामा सम्पन्न, नयाँ सभ्यता निर्माणको लागि सामाजिक व्यवसाय प्रवर्द्धन गर्ने प्रतिबद्धता

विश्वव्यापी चुनौतीहरूको दिगो समाधानको रूपमा गरिबी, बेरोजगारी र खुद कार्बन उत्सर्जन लगायतका समस्याको समाधानका लागि सामाजिक व्यवसाय अर्थात मुनाफा केन्द्रित भन्दा समास्याको समाधानमा केन्द्रित व्यावसायिक मोडेलको अवधारणालाई प्रवर्द्धन गर्ने उद्देश्यका साथ शुरु भएको १४औं सामाजिक व्यवसाय दिवस २०८१ आषाढ १३ र १४ (जून २७–२८, २०२४)मा फिलिपिन्सको मनिलामा सम्पन्न भएको छ । सम्मेलनको आयोजना युनुस सेन्टर, बंगलादेशले नेग्रोज वुमन फर टुमरो फाउन्डेशन, फिलिपिन्ससँगको सहकार्यमा सञ्चालन गरेको थियो । "**(सोसियल विजनेश एन एक्जिट रुट फ्रम दी करेन्ट सेल्फ डिस्ट्रक्टिभ सिभिलाईजेशन) सामाजिक व्यवसाय, वर्तमान स्वनाशक सभ्यताबाट मुक्त हुने बाटो**" भन्ने नाराका साथ सम्पन्न सम्मेलेनले विद्यमान समस्याहरूलाई सम्बोधन गर्न सबै पेशा, व्यवसाय तथा क्षेत्रमा संलग्नहरु विच सहकार्यमा जोड दिनुको साथै आधुनिक नवप्रवर्तनमा जोड दिएर अघि बढ्नु पर्ने निष्कर्ष निकालेको छ ।




सभालाई सम्बोधन गर्ने क्रममा प्रो. युनूस

उक्त समारोहमा २७ वटा मुलुकहरुको प्रतिनिधित्व गर्दै विभिन्न पेशा तथा क्षेत्रका ५०० भन्दा बढी सहभागी थिए । सहभागीहरुले दिगो विकासका लागि आफ्नो देश र आफू संलग्न संस्थाले गरेका सफल र असल अनुभवहरु प्रस्तुत गरेका थिए । स्वावलम्बन विकास केन्द्रका अध्यक्ष शंकर मान श्रेष्ठको नेतृत्वमा २८ सदस्यीय नेपाली प्रतिनिधि मण्डल पनि उक्त सम्मेलनमा सहभागी भएको थियो ।

१४औं सामाजिक व्यवसाय दिवस उद्घाटनका अवसरमा सामाजिक व्यवसाय अभियानका अगुवा एवं प्रवर्तक तथा नोबेल शान्ति पुरस्कार विजेता प्राध्यापक मोहम्मद युनूसले कुनै पनि पेशा र व्यवसायले मुनाफा मात्र कमाउने भन्दा पनि सामाजिक समस्याहरु समाधानमा केन्द्रित हुनुपर्नेमा जोड दिनु भयो । "हाल समग्र विश्व र प्राणीजगत नै अभूतपूर्व चुनौतीहरूको सामना गरिरहेको छ । हाम्रा पेशा र व्यवसायहरु सामाजिक भावनाले प्रेरित भई साझा चुनौतीहरुको सामना गर्न केन्द्रित हुनु पर्छ । थप समावेशी र दिगो संसार सिर्जना गर्न सामाजिक व्यवसाय एक शक्तिशाली उपाय हो ।" युनूसले भन्नुभयो ।



प्लेनरी सत्रमा नेपाली लघुवित्तको अनुभव साट्दै केन्द्रका अध्यक्ष शंकर मान श्रेष्ठ

## यस भित्र

| | |
|---|---|
| स्वावलम्बन विकास केन्द्रको ... | पृ. ४ |
| कोशी र गण्डकी प्रदेशमा ... | पृ. ५ |
| चौथो राष्ट्रिय लघुवित्त ... | पृ. ८ |
| लघुवित्त सदस्यलाई लघुउद्यमी ... | पृ. १० |
| मजदुरलाई रिक्सा मालिक ... | पृ. १३ |
| उद्यमशीलता विकासकालागि ... | पृ. १५ |
| नेपाली लघुवित्तका प्रतिनिधि ... | पृ. १७ |
| जीवन विकास लघुवित्तद्वारा ... | पृ. १८ |
| १३ जना लघुवित्त प्रशिक्षकले ... | पृ. १९ |
| लघुवित्त सदस्यहरुलाई डिजिटल ... | पृ. २० |



प्रो. युनूस र केन्द्रका अध्यक्ष बीच भलाकुसारी

प्राणीजगतको लागि हानिकारक अभ्यासहरू बन्द गरी दिगो र समाज प्रति उत्तरदायी आर्थिक प्रणाली शुरुवात गर्न के कस्ता सम्भावना तथा अवसरहरु हुन सक्छन् भन्नेमा सम्मेलन केन्द्रित थियो । यसलाई ध्यानमा राख्दै पहिलो दिनको कार्यक्रममा क्रमश: वर्तमान स्वनाशक सभ्यताबाट बाहिर निस्कने उपायहरुको सदृढिकरण, नयाँ सभ्यता निर्माणको लागि सामाजिक व्यवसाय र लघुवित्त र खेलकुद र शान्तिः शान्तिपूर्ण र समावेशी समाज निर्माणका लागि खेलकुद विषयक तीनवटा विषयगत सत्रहरु सम्पन्न भएका थिए ।

पहिलो विषयगत सत्रमा, युनूसले स्थानीयस्तरबाट स–साना प्रयासको थालनी गरी गरिबी, बेरोजगारी र कार्बन उत्सर्जन जस्ता ठूला समस्याहरुलाई हरेक व्यक्ति र संस्थाहरुले आ–आफ्नो कार्य क्षेत्रबाट निराकरण गर्न आवाहन गर्नुभयो ।

दोस्रो विषयगत सत्रमा सामाजिक व्यवसाय र लघुवित्तको प्रवर्द्धनमा सक्रिय विभिन्न देशका लघुवित्तका अगुवाहरुले लघुवित्तले समाजमा कसरी प्रभावकारी परिवर्तन ल्याएको छ भन्ने बारेमा आ-आफ्ना अनुभव प्रस्तुत गरेका थिए । उक्त सत्रमा स्वावलम्बन विकास केन्द्रका अध्यक्ष शंकर मान श्रेष्ठले नेपालमा लघुवित्तलाई सामाजिक व्यवसायका रूपमा शुरुवात गरेको र उ बेला लघुवित्तले गरीब, विपन्न तथा महिलावर्गको आर्थिक सामाजिक रुपान्तरणमा प्रभावकारी भूमिका खेलेको अनुभव साट्नु भएको थियो । “शुरुवाती अवस्थामा नेपालमा लघुवित्त ग्रामीण अर्थतन्त्र चलायमान बनाउन केन्द्रित थियो । पछि कम्पनी ऐन लागु भए पछि लघुवित्त संस्थाहरु व्यवसायीकरण हुन थाले । अनि लघुवित्त मर्म, मूल्य र मान्यता बिपरित चल्न थाल्यो र नाफा केन्द्रित हुन थाल्यो । लघुवित्त नाफा केन्द्रित हुँदा यसका असल अभ्यासहरु पनि हराउन थाले । लघुवित्तको मोडेल विकृत बनाउदै लगियो ।” उहाँले भन्नुभयो । लघुवित्त नयाँ सभ्यता निर्माणको एक सशक्त माध्यम भएको उल्लेख गर्दै श्रेष्ठले भन्नुभयो, “लघुवित्तको सही र स्वच्छ अभ्यास गरे गरीब र धनी बीचको खाडल घटाउन सकिन्छ । घरघरमा रोजगारी सिर्जना गर्न सकिन्छ र वातावरणमैत्री उद्यमहरू विकास गर्न तथा चेतना अभिवृद्धि कार्यक्रमहरू मार्फत वातावरणीय सन्तुलन कायम गर्न टेवा पुग्छ । यस्ता कामले अन्ततः नयाँ सभ्यता निर्माण गर्न सघाउछ ।” साथै उहाँले सामाजिक व्यवसायको रुपमा लघुवित्त मार्फत नेपालले गरेका तीन शून्य क्लबको प्रवर्द्धन, वातवरणमैत्री नमूना गाउँ विकास कार्यक्रम, युवा स्वरोजगार कार्यक्रम लगायतका कामहरु बारे पनि जानकारी गराउनु भएको थियो ।

तेस्रो सत्रमा खेलकुद गतिविधिसँगै सामाजिक कार्यको प्रवर्द्धन र सामुदायिक विकासका लागि खेल जगतमा सामाजिक व्यवसायको महत्वबारे विस्तृत छलफल भएको थियो । उक्त सत्रमा शिक्षा, स्वास्थ्य, लैङ्गिक असमानता र वातावरणीय ह्रास जस्ता सामाजिक मुद्दाहरूलाई सम्बोधन गर्न खेल जगतको लोकप्रियता र प्रभावको लाभ उठाउनु पर्ने बारे पनि छलफल भएको थियो ।

सम्मेलनको पहिलो दिन नै बंगलादेश, मलेसिया, फिलिपिन्स, ग्रेटर चाइना, नेपाल, थाइल्याण्ड, जापान, ब्राजिल, अफ्रिका र भारत लगायत १० वटा राष्ट्रहरुको छुट्टाछुट्टै कन्ट्री फोरमहरू पनि सम्पन्न भएका थिए । कन्ट्री फोरमहरु विशेषतः नयाँ सामाजिक परिवर्तनका अभ्यासहरूलाई उत्प्रेरित गर्ने, भएका कामको समीक्षा गर्दै नयाँ मार्गचित्र तय गर्ने र सामाजिक व्यवसायी अगुवा र उद्यमीहरूको अनुभव र विचारहरु आदान प्रदान गर्दै नयाँ सभ्यतालाई बढावा दिने साझा मञ्चको रुपमा पनि विशेष हुने गरेका छन् ।

सम्मेलनको दोस्रो दिन युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडका कार्यकारी निर्देशक डा. गोपाल दहितले “खाद्य, कृषि र सामाजिक व्यवसाय, दिगो ग्रामीण विकासका उपाय” बिषयक समूहगत छलफलमा वक्ताको रुपमा नेपालको प्रतिनिधित्व गर्नु भएको थियो । सो अवसरमा डा. दहितले माटो सुधार र जैविक विविधता संरक्षण गर्न प्राङ्गारिक खेती प्रणाली प्रवर्द्धन गर्नु पर्ने, जलवायु जोखिम न्यूनीकरणका लागि जलवायु जोखिम प्रतिरोधी कृषि प्रविधि अपनाउनु पर्ने, साना किसान माँझ बजार र प्रविधिको पहुँच विस्तार गर्नु पर्ने, प्राकृतिक स्रोतको संरक्षण र सदुपयोग गरी जीविकोपार्जनमा सुधार ल्याउने र कृषि उत्पादकत्व वृद्धि गर्ने जस्ता कार्यहरु गर्नु पर्नेमा जोड दिनु भएको थियो ।

जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेडका प्रमुख कार्यकारी अधिकृत सञ्जय कुमार मण्डलले “स्वास्थ्य र सामाजिक व्यवसायः दिगो भविष्यका लागि नयाँ आविष्कार” विषयक समूहगत छलफलमा वक्ताका रुपमा नेपालको प्रतिनिधित्व गर्नु भएको थियो । सो अवसरमा मण्डलले स्वास्थ्य क्षेत्रमा सामाजिक व्यवसायको अवधारणा लागु गर्दा सीमान्तकृत जनतामा स्वास्थ्य सेवाको पहुँच विस्तार गर्न, स्वास्थ्य सेवामा विद्यमान असमानतालाई सम्बोधन गर्न र सस्तो र सुलभ स्वास्थ्य सेवा प्रवाह गरी समाजमा सकारात्मक प्रभाव पर्ने गरी काम गर्नु पर्ने धारणा राख्नुभयो ।

२०८१ आषाढ १५, (जून २९, २०२४)मा विश्वभरीका सबै युनूस सामाजिक व्यवसाय केन्द्रहरूसँग एकाडेमिया सम्बाद र तीन शून्य क्लबहरूको वार्षिक सम्मेलन पनि आयोजना गरिएको थियो । उक्त अवसरमा तीन शून्य संसार निर्माणको लागि युवाहरुलाई नेतृत्वदायी भूमिकामा ल्याउने पहलको प्रगति विषयक सत्रमा जीवन विकास लघुवित्तका प्रमुख कार्यकारी अधिकृत सञ्जय कुमार मण्डलले वक्ताको रुपमा आफ्ना धारणा राख्नु भएको थियो ।

तीनशून्य क्लब अभियान अन्तर्गत हाल विश्वका ५३ वटा देशहरुबाट करिब ३ हजार ९ सय तीन शून्य क्लबहरू स्थापना भएका छन् । सो सम्मेलनमा प्रस्तुत विवरण अनुसार नेपालले मात्रै २ हजार ३ सय वटा तीन शून्य क्लबहरु प्रवर्द्धन गरेको छ । नेपालमा गठन भएका तीन शून्य क्लब मध्ये पनि जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेडले १ हजार ४ सय भन्दा बढी क्लबहरू गठन गरेको छ । यो संख्या कुनै पनि तीन शून्य क्लब सहयोगी संस्थाले गरेको सबै भन्दा धेरै हो । यसै कारण जीवन विकास लघुवित्त वित्तीय संस्था लि. लागातार तेश्रो वर्ष पनि उत्कृष्ट तीन शून्य क्लब सहयोगी संस्थाको रुपमा पुरस्कृत भएको छ ।

# विगतको कार्ययोजना परिमार्जन गर्दै नेपाल कन्ट्री फोरम सम्पन्न



तीन शून्यको प्रतिबद्धता जनाउदै नेपाल कन्ट्री फोरमका सहभागीहरु प्रो. युनुससँग

नेपाल कन्ट्री फोरम आयोजक समितिका अध्यक्ष शंकर मान श्रेष्ठको अध्यक्षतामा सम्मेलनको पहिलो दिन नै नेपाल कन्ट्री फोरम सम्पन्न भएको थियो। नेपाल फोरममा नोबेल पुरस्कार विजेता प्रो. मोहम्मद युनुस लगायत युनुस सेन्टरका निर्देशक लामिया मोर्शेद र अन्य सदस्यहरुको पनि उपस्थिति रहेको थियो। सो अवसरमा अध्यक्ष शंकर मान श्रेष्ठले उपस्थित सबैलाई स्वागत गर्नुभयो। उहाँले सबै सत्रका सहजकर्ता, वक्ता तथा सम्पूर्ण सहभागीहरुलाई सक्रियरुपमा सहभागी भई फोरमको उपयोग गर्न आग्रह गर्नुभयो।

कन्ट्री फोरममा मलेसियाको लांकावीमा सम्पन्न भएको १३औं सामाजिक व्यवसाय दिवसमा नेपाल कन्ट्री फोरमले तयार पारेको ८ बुँदे कार्ययोजनाको प्रगति समीक्षा गर्नुको साथै तीन वटा विषयगत सत्रमा छलफल भएको थियो। मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेडकी प्रमुख कार्यकारी अधिकृत शोभा बज्राचार्यले ८ बुँदे कार्ययोजनाको प्रगति प्रस्तुत गर्दै थ्रीजिरो क्लब गठन, वातारणमैत्री गाउँ प्रवर्द्धन, वृक्षारोपण, लगायतका कार्यहरुमा महत्वपूर्ण उपलब्धि हासिल गरेको उल्लेख गर्नु भएको थियो। साथै अतिविपन्न वर्गको पहिचान र सेवा प्रवाह, युवाहरूमाझ उद्यमशीलता विकास जस्ता लक्षहरुमा पनि उल्लेख्य प्रगति भएको र थोरै लक्षहरु हासिल भएको कार्ययोजनामा थप प्रयासहरू गर्नु आवश्यक रहेको बताउनु भयो।

फोरमको पहिलो सत्रमा "लघुवित्त सदस्यका बालबालिका लक्षित युवा स्वरोजगार कार्यक्रमको शुरुवात" विषयक प्रस्तुति दिदै उपकार लघुवित्त वित्तीय संस्था लि. की प्रमुख कार्यकारी अधिकृत शारदा कुमारी पोखरेलले तीन शून्य क्लबमा आवद्ध गर्ने देखि पढ्दै कमाउदै अवधारणा अनुसार युवाहरुको लागि विद्यालयस्तर देखिनै उद्यमशीलता विकासको शुरुवात गर्नु पर्ने धारणा राख्नु भएको थियो।

"वातावरणमैत्री गाउँ निर्माणको अनुभव आदानप्रदान र अतिविपन्नहरूको जीवनस्तर सुधारका लागि सहयोग" विषयक सत्रमा जीवन विकास लघुवित्त वित्तीय संस्था लि. का प्रमुख कार्यकारी अधिकृत सञ्जय कुमार मण्डलले आफ्नो कार्य क्षेत्रमा अतिविपन्नको

(बाँकी पृष्ठ १२ मा)

## कार्ययोजना

## १४औं सामाजिक व्यवसाय दिवस २०२४, नेपाल कण्ट्री फोरमबाट पारित परिमार्जित दुई वर्षे कार्ययोजना

१) लघुवित्त कार्यक्रम सञ्चालन गर्ने संस्थाहरुले ग्रामीण क्षेत्रका माध्यमिक विद्यालयहरु सँग सहकार्य गरी विद्यार्थीहरुलाई "पढदै कमाउँदै" कार्यक्रम सञ्चालन गरी ३० वटा रोजगार प्रवर्द्धन केन्द्रहरु (Enterprise Incubation Centers) स्थापना गर्ने।

२) लघुवित्त कार्यक्रम सञ्चालन गर्ने संस्थाहरुले लघुवित्तमा आबद्ध सदस्यहरुका माध्यमिक तथा उच्च शिक्षा प्राप्त गरेका छोराछोरीहरुलाई उद्यमशीलता तालिम दिई स्वउद्यमी निर्माण गर्ने। जून, २०२५ ई. सम्म कम्तिमा २००० युवालाई यस कार्यक्रममा संलग्न गराउने।

३) प्रत्येक लघुवित्त कार्यक्रम सञ्चालन गर्ने संस्थाले आफ्नो सेवा अन्तर्गत रहेका अतिविपन्न परिवारहरुको पहिचान गरी उनीहरुलाई अभिमुखीकरण तालिम दिनुका साथै कर्जा सुलभ गराई स्वरोजगार बनाउने। यस्तो कार्यक्रम हरेक लघुवित्त कार्यक्रम सञ्चालन गर्ने संस्थाले कम्तिमा आफ्नो ५ वटा शाखामा कार्यान्वयन गर्ने र जून, २०२५ ई.सम्ममा पचास हजार परिवारलाई सेवा पुऱ्याउने।

४) लघुवित्त कार्यक्रम सञ्चालन गर्ने संस्थाहरुले आफ्नो सदस्यहरुको उत्पादनको बजारीकरणमा सहयोग गर्न सदस्यहरुको स्वामित्वमा २० वटा Green Shop सामाजिक व्यवसायको रुपमा स्थापना गर्ने।

५) लघुवित्त कार्यक्रम सञ्चालन गर्ने संस्थाहरुले स्थानीय सरकारहरुसँगको सहकार्यमा ग्रामीण क्षेत्रमा तीन शून्य अवधारणामा केन्द्रित नयाँ सभ्यताको शुरुवात गर्न ४० वटा वातावरणमैत्री गाउँ (Eco-village) विकास गर्ने।

६) स्थानीय युवाहरुको ३००० गुणस्तरीय Three Zero Clubs गठन गरी उनीहरुलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सञ्जाल सँग जोड्ने। क्लबहरुको प्रभावकारी रुपमा सञ्चालन सुनिश्चितता गर्न क्लब प्रवर्द्धन गर्ने संस्थाहरुले उनीहरुको कार्यको नियमितरुपमा अनुगमन एवं मूल्याङ्कन गर्ने।

७) लघुवित्त कार्यक्रम सञ्चालन गर्ने संस्थाहरुले विभिन्न शिविर (Camp) र बृक्षारोपण कार्यक्रमहरु आयोजन गरी माध्यमिक तहका बिद्यार्थीहरुलाई ग्रामीण उर्जा तथा वातावरण सम्बन्धी शिक्षा प्रदान गर्ने।

८) प्रत्येक लघुवित्त कार्यक्रम सञ्चालन गर्ने संस्थाले स्थानीय सरकार तथा सामुदायिक संस्थाहरुसँगको सहकार्यमा आफ्ना ग्रामीण भेगका सदस्यहरु मार्फत एक लाख फल फल्ने बिरुवाहरु सामुदायिक वन, सरकारी वन र जग्गा भएका सदस्यहरुको निजी जमीनमा वृक्षारोपण गर्ने अभियान चलाउने।

९) व्यावसायिक क्षेत्रका विज्ञ तथा सम्भाव्य युवाउद्यमीहरुको सहभागितामा एउटा सामाजिक व्यवसाय प्रवर्द्धन सम्मेलनको आयोजना गर्ने।

१०) स्वास्थ्य सेवा र सुविधामा गरीब वर्गको पहुँचको लागि ग्रामीण कल्याण, बंगलादेश जस्तै गैह्र नाफामुलक संस्था स्थापना गर्ने।

११) नेपालमा सामाजिक व्यवसाय प्रवर्द्धन गर्न एक वर्ष भित्र "नेपाल युनूस सामाजिक व्यवसाय केन्द्र" स्थापना गर्ने।

# स्वावलम्बन विकास केन्द्रको ३३औँ वार्षिकोत्सव समारोह सम्पन्न

# तीनशून्य समाज निर्माणका लागि सदस्य तथा साझेदार संस्थाहरू सँग सहकार्य गरी अघि बढ्ने

स्थानीय श्रोत, सीप, साधन र श्रमको समुचित प्रयोग गरी गरीब तथा विपन्न वर्ग र दूरदराजका समुदायलाई आत्मनिर्भर बनाउने उद्देश्यले विक्रम सम्बत् २०४८ साल श्रावण २८ गते स्थापना भएको स्वावलम्बन विकास केन्द्रले ३३औँ वार्षिकोत्सव मनाएको छ । सो अवसरमा आगामी दिनमा गरीबी, वेरोजगारी र खुद कार्बन उत्सर्जन रहित समाज निर्माण गर्न प्रयत्नशील रहने अठोट गरिएको छ ।



समारोहको उद्‌घाटन गर्नु हुँदै शताब्दी पुरुष डा. गौरी शंकर लाल दास

शताब्दी पुरुष तथा वरिष्ठ चिकित्सक डा. गौरी शंकर लाल दासको प्रमुख आतिथ्यमा सम्पन्न उक्त समारोहको सभापतित्व केन्द्रका अध्यक्ष शंकर मान श्रेष्ठले गर्नु भएको थियो ।

समारोहलाई सम्बोधन गर्दै वरिष्ठ समाजसेवीको रुपमा समेत परिचित वरिष्ठ चिकित्सक दासले स्वावलम्बन विकास केन्द्र स्थापना भएकै बखत आफ्नो पहलमा वीपी नेत्र प्रतिष्ठान, प्रौढ कल्याण सँघ, पूर्व कर्मचारी सेवा परिषद् आदि जस्ता सेवामूलक संस्थाहरु स्थापना भएको र उक्त संस्थाहरुले अहिले समाजमा राम्रो काम गरेको देख्दा आफूलाई खुशी लाग्ने गरेको जानकारी दिनुभयो । साथै उहाँले लघुवित्तको विकास, विपन्नमाँझ वित्तीय पहुँच विस्तार एवं समाज विकासमा स्वावलम्बन विकास केन्द्रले खेलेको भूमिकाको सराहना गर्नुभयो । "समाजमा लघुवित्तले ठूलो योगदान गरेको कदर स्वरुप भर्खरै मात्र ग्रामीण लघुवित्तका प्रवर्द्धक प्रो. मोहम्मद युनूस बंगलादेशको अन्तरिम सरकारका प्रमुख सल्लाहकार नियुक्त भए । अहिले नेपालमा लघुवित्त लक्षितवर्गमा पुगेको छैन् भन्ने गुनासो सुनिन्छ । मेरो आग्रह छ, लघुवित्त सेवा गरीब र विपन्न लक्षित हुनेछ र त्यो वर्गलाई माथि उठाउने छ ।" डा. दासले भन्नुभयो ।

समारोहलाई सम्बोधन गर्दै केन्द्रका परिकल्पनाकार तथा वर्तमान अध्यक्ष शंकर मान श्रेष्ठले ३३औँ वार्षिकोत्सवमा अनुभव साट्न पाउँदा खुशी व्यक्त गर्दै केन्द्रको यात्रामा सहयोग गर्ने सम्पूर्ण व्यक्ति तथा संस्थाप्रति आभार व्यक्त गर्नु भयो । साथै उहाँले केन्द्रको स्थापना देखि हालसम्मको यात्रा स्मरण गर्दै आगामी दिनमा स्वावलम्बन विकास केन्द्र गरिबी, बेराजगारी र खुद कार्बन उत्सर्जन शून्य उन्मुख समाज निर्माण गर्न सदस्य संस्था तथा साझेदारहरुसँग सहकार्य गरी अघि बढ्ने उल्लेख गर्नुभयो । "लघुवित्त सेवाभावले शुरु भएको हो । धेरै नाफामा केन्द्रित नभई सामाजिक संस्थाका रूपमा रहनुपर्छ । अग्रणी गैर वित्तीय संस्थाको रुपमा स्वावलम्बन विकास केन्द्रले लघुवित्तको शुरुवात गरी विक्रम संवत् २०५८ र २०६८ सालमा तत्कालिन स्वावलम्बन लघुवित्त विकास बैंक लिमिटेड (अहिले स्वावलम्बन लघुवित्त वित्तीय संस्था लिमिटेड)लाई लघुवित्तको सम्पूर्ण दायित्व हस्तान्तरण गरेपछि केन्द्रले आफ्नो रणनीतिलाई नयाँ आकार दिएको छ र लघुवित्त सञ्चालन गर्ने संस्थाहरूको क्षमता अभिवृद्धि र सुदृढीकरणका लागि प्राथमिकताका साथ काम गर्दै आएको छ । पछिल्लो समय लघुवित्तका सदस्यहरुलाई स्वरोजगार, स्वावलम्बी, आत्मनिर्भर बनाउन सदस्य संस्थाहरु सँगको साझेदारीमा नयाँ सभ्यता निर्माण गर्न तीन शून्य क्लबको प्रवर्द्धन, वातावरणमैत्री स्वावलम्बी गाउँ निर्माण, उद्यमशीलता विकास आदि जस्तो कार्यनीति अवलम्बन गरेको छ ।" उहाँले भन्नुभयो ।

लघुवित्त कार्यक्रम सञ्चालन गर्ने संस्थाहरु आर्थिक सामाजिक रुपान्तरणको अस्त्र बन्न सक्नु पर्ने भन्दै उहाँले भन्नुभयो "नेपालका लघुवित्त सञ्चालन गर्ने संस्थाहरुले पनि प्रो. युनूसले प्रस्तुत गरेको ३ शून्यको अवधारणालाई अगाडि बढाउनु आवश्यक छ । यसले धनी र गरीब बीचको खाडल घटाउदै शून्य गरीब, उद्यमशीलता विकास मार्फत शून्य बेरोजगारी र वातावरणमैत्री कार्यशैली अपनाएर शून्य खुद कार्बन उत्सर्जन सहितको समृद्ध र समुन्नत समाजको कल्पना गरेको छ ।" सो अवसरमा उहाँले चौथो राष्ट्रिय लघुवित्त सदस्य सम्मेलनको १२ बुँदे घोषणपत्र कार्यान्वयन गर्न सम्पूर्ण सहभागी संस्थाहरुलाई आग्रह गर्नुभयो ।

सोही अवसरमा केन्द्रका उपाध्यक्ष महेन्द्र कुमार गिरीले केन्द्रको ३३ वर्षे यात्रा संस्मरण गर्नुभयो । "केन्द्रले शुरुमा विकट कर्णाली क्षेत्रको जुम्ला र केही समय पछि कालिकोट जिल्लाबाट स्वावलम्बन समूहको निर्माण गरी गरीबी निवारण, कृषि उत्पादनको बृद्धि र व्यावसायिकरण, पोषण, स्वास्थ, वातावरण संरक्षण, व्यवहारिक सीप तथा प्रविधि आदिजस्ता क्षेत्रमा काम गरी सामाजिक विकासको यात्रा शुरु गरेको थियो । पछि पूर्वी तराईका जिल्लाबाट लघुवित्त कार्यक्रम पनि शुरु गरियो र गरीब तथा विपन्न बर्ग र महिलाहरुको आर्थिक सामाजिक रुपान्तरणमा योगदान गर्‍यो । पछिल्लो समय केन्द्रले नीतिगत तथा नियामक

(बाँकी पृष्ठ १४ मा)

# कोशी र गण्डकी प्रदेशमा तीनशून्य क्लब सम्मेलन सम्पन्न

तीन शून्य क्लबको अवधारणा बंगलादेशका अन्तरिम सरकार प्रमुख तथा नोवेल शान्ति पुरस्कार विजेता मोहम्मद युनूसको वर्तमान विश्वका साझा तीनवटा प्रमुख ठूला समस्या गरिबी, बेरोजगारी र खुद कार्बन उत्सर्जन विरुद्ध नयाँ पुस्तालाई नेतृत्वदायी भूमिकामा ल्याउने अवधारणा हो । सन् २०२१ बाट शुरु भएको यो अभियान अहिले विश्वका ५ दर्जन मुलुकमा फैलिएको छ । यस अभियान मार्फत १२ देखि ३५ वर्ष उमेरका युवाहरुलाई क्लबमा समेटेर स्थानीय स्तरमा देखा परेका विश्वव्यापी महत्वका समस्याहरुको समाधानमा लाग्न प्रेरित गर्नुको साथै युवाहरुलाई रचनात्मक र सिर्जनशील कार्यमा लाग्ने अवसरहरु प्रदान गरिन्छ ।

२०७८ आषाढ १६ (जून ३०, २०२१) मा सम्पन्न ११औं सामाजिक व्यवसाय दिवसको अवसरमा स्वावलम्बन विकास केन्द्रद्वारा आयोजित नेपाल कन्ट्री फोरम मार्फत नेपालमा पहिलो पटक तीन शून्य क्लबको अवधारणाबारे छलफल भएको थियो । विशेष वक्ताको रुपमा नेपाल फोरमलाई सम्बोधन गर्दै प्रो. मोहम्मद युनूसले तीन शून्यको अवधारणाबारे जानकारी गराउनुको साथै नयाँ सभ्यता विकासको आधारका रुपमा तीन शून्य क्लबको प्रवर्द्धन गर्न आवाहन गर्नु भएको थियो । उक्त फोरमको छुट्टै सत्रमा तीन शून्य क्लबको अवधारणामाथि छलफल भएको थियो । छलफल पछि मञ्चले जारी गरेको दुई वर्षे १४ बुँदे कार्ययोजनामा १०० वटा तीन शून्य क्लब गठन गर्ने र स्थानीय तहमा तीन शून्य क्लबको अवधारणालाई प्रवर्द्धन गर्ने लक्ष राखिएको थियो । त्यसयता स्वावलम्बन विकास केन्द्रले निरन्तर रुपमा सभा, सम्मेलन तथा छलफलहरुको आयोजना गरी तीन शून्य क्लबको प्रवर्द्धनका लागि पैरवी गर्दै आएको छ । हाल नेपालमा आठ वटा लघुवित्त तथा लघुवित्त गर्ने सहकारी संस्थाहरु तीन शून्य सहयोगी संस्थाका रुपमा क्लब गठन तथा प्रवर्द्धन गर्ने काम गरी रहेका छन् । हाल विश्वका ५३ वटा देशहरुमा करिब ४ हजार क्लबहरु गठन हुँदा नेपालमा सबै भन्दा धेरै २५ सय भन्दा बढी क्लब गठन भएका छन् । क्लबका सदस्यहरुले २५ वटा फरकफरक क्षेत्रमा काम गरी रहेका छन् ।

तीन शून्य क्लबको प्रवर्द्धन तथा उनीहरुको सवलीकरणको लागि पछिल्लो समय विभिन्न सहयोगी संस्थाको पहलमा तीन शून्य क्लब क्षेत्रिय सम्मेलनहरु आयोजना गर्न थालेका छन् । पछिल्लो ६ महिनामा कोशी प्रदेश र गण्डकी प्रदेशमा गरी दुई वटा तीन शून्य क्लब सम्मेलन सम्पन्न भएका छन् । सम्मेलनहरुमा स्वावलम्बन विकास केन्द्रका अध्यक्ष स्वयम् सरिक भई आयोजक तथा सहभागीहरुको हौसला बढाउने काम भएको छ ।

## गरिबी, बेरोजगारी र खुद कार्बन उत्सर्जन शून्य बनाउन अभियान थाल्ने घोषणाका साथ कोशी प्रदेश तीन शून्य क्लबहरुको सम्मेलन सम्पन्न

२०८१ वैशाख ५मा सम्पन्न भएको कोशी प्रदेश स्तरीय तीन शून्य क्लब सदस्य सम्मेलनले ६ बुँदे घोषणापत्र सर्वसम्मितिले पारित गरेको छ । साथै सम्मेलनमा उपस्थित यूवाहरुले ३ शून्य क्लबको माध्यमबाट गरिबी, बेरोजगारी, खुद कार्बन उत्सर्जनको अन्त्यका लागि साझा प्रतिवद्धता जनाएका छन भने युवाहरुका कृयाकलापमा विभिन्न संघसंस्था र व्यक्तिहरुले सहयोग गर्ने जनाएका छन् ।




जीवन विकासको टीमसँग माननीय सांसद योगेन्द्र मण्डल र केन्द्रका अध्यक्ष शंकर मान श्रेष्ठ

जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेडले आयोजना गरेको उक्त सम्मेलनमा कोशी प्रदेशका मुख्यमन्त्री माननीय केदार कार्की प्रमुख अतिथि रहनु भएको थियो भने प्रतिनिधिसभा सदस्य माननीय योगेन्द्र मण्डल, स्वावलम्बन विकास केन्द्रका अध्यक्ष शंकर मान श्रेष्ठ र मोरङ जिल्लाको धनपालथान गाउँपालिकाका अध्यक्ष जीवछ प्रसाद गच्छदारको विशेष उपस्थिति रहेको थियो ।

सम्मेलनलाई सम्बोधन गर्ने क्रममा मूख्यमन्त्री केदार कार्कीले परिवर्तनको लागि युवा नेतृत्व जरुरी भएको उल्लेख गर्नुभयो । "गरीबी, बेरोजगारी र खुद कार्वन उत्सर्जनलाई शून्यमा झार्न हामी परिवर्तनकर्ता हुनु पर्छ र यसको लागि युवाहरुलाई अघि सार्नु जरुरी छ ।" कार्कीले भन्नुभयो ।

प्रतिनिधिसभा सदस्य माननीय योगेन्द्र मण्डलले युवाहरुले अहिलेको राजनीतिक नेतृत्वलाई पनि सहिवाटोमा हिडाउन पहल गर्नु पर्ने धारणा राख्नुभयो ।

सो अवसरमा स्वावलम्बन विकास केन्द्रका अध्यक्ष तथा सम्मेलनका विशिष्ट अतिथि शंकर मान श्रेष्ठले युवाहरुलाई सामाजिक रुपान्तरणको शक्तिको रुपमा पहिचान गरी परिचालन गर्नु पर्ने धारणा राख्नुभयो । देशको सामाजिक-आर्थिक रुपान्तरणका लागि प्रमुख शक्ति भनेको युवाहरु हुन् तर नेपालमा उत्पादनमूलक उद्देश्यका लागि युवाको परिचालन हुने गरेको छैन । युवाहरुले आफ्नो ध्यान सामाजिक, आर्थिक रुपान्तरणमा केन्द्रित गर्नुपर्छ । युवाहरुलाई कर्मशील र सृजनशील बनाउन प्रेरित गर्नु पर्छ । म आशा गर्छु कि सन् २०४० सम्ममा तीन शून्य क्लबहरु देशैभर फैलिनेछन् । अन्ततः तीन शून्य क्लबहरुको प्रवर्द्धन र सक्रियताले हरेक समाज तथा देशमा विद्यमान समस्याहरु समाधानमा बल पुग्छ ।" श्रेष्ठले भन्नुभयो ।



सम्मेलनमा सहभागी ३ शून्य क्लबका सदस्यहरु

सम्मेलन आयोजक संस्था जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेडका प्रमुख कार्यकारी अधिकृत सञ्जय कुमार मण्डलले निरन्तर रुपमा तीन शून्य क्लबको प्रवर्द्धनलाई अघि बढाउँदै समाज परिवर्तनमा योगदान गर्ने अठोट गर्नुभयो ।

कार्यक्रममा तीन शून्य क्लबका प्रमुख व्यक्तिहरु, उप प्रमुख लगायत सदस्यहरुले शून्य गरिबी, शून्य बेरोजगारी र शून्य खुद कार्बन उत्सर्जन सम्बन्धी सिकाई तथा अनुभवहरु पनि साटेका थिए । प्रतिनिधिसभाका माननीय सदस्य योगेन्द्र मण्डल, कोशी प्रदेशका माननीय सांसद ऋषिकेश पोखरेल र कोशी प्रदेशका वन तथा वातावरण सचिव विशाल घिमिरेले विषयगत सत्रको सहजीकरण गर्नुभएको थियो । त्यसैगरी, वातावरण विज्ञ पूजा विश्वास र सामाजिक उद्यमी मनिषा झा ले पनि आ-आफ्नो क्षेत्रमा हासिल गरेको अनुभव साट्नु भएको थियो । कार्यक्रममा थ्री जिरो क्लबको प्रवर्द्धन तथा गठनमा सहजीकरणको उत्कृष्ट भूमिका निर्वाह गरेका पाँच वटा तीन शून्य क्लबहरुलाई पनि सम्मान गरिएको थियो । सम्मेलनमा ३५० जनाको सहभागिता रहेको थियो ।

## कोशी प्रदेश तीन शून्य क्लब सम्मेलनबाट पारित घोषणापत्र

१. हरेक क्लबले साधारण युवालाई जागरुक बनाइ तीन शून्य क्लब गठन गर्ने

२. तीन शून्य क्लबले आफ्नै focus area को आधारमा कार्य योजना बनाई स्थानीय सरकार तथा विविध संघ संस्था सँग सहकार्यमा अभियान सञ्चालन गर्ने

३. वातावरण संरक्षणको लागि वृक्षारोपण गर्न अभियान सञ्चालन गर्ने

४. आआफ्ना समुदायमा रहेको अति विपन्नको आधारभूत आवश्यकता पूरा गर्न सहयोग र सहजीकरण गर्ने

५. हामी तीन शून्य क्लबकका युवाहरु नेपाल मै बसेर रोजगारी सृजना गर्ने/प्रेरित गर्ने । शैक्षिक संस्था तथा स्थानीय सरकार संग सहकार्यमा उद्यमशीलता सञ्चालनको लागि Incubation Centre सञ्चालन गर्ने

६. घरभित्र र वरिपरि भएका फोहोर र खेर जाने समाग्रीलाई पुनः प्रयोग गर्न /Recycle गर्न समुदायमा सचेतना फैलाउने

# देश विकासमा युवा शक्ति परिचालनका लागि तीन शून्य क्लब सशक्त माध्यम हुने ठहरका साथ गण्डकी प्रदेशको तीन शून्य क्लब सम्मेलन सम्पन्न

२०८१ वैशाख १५ गते गण्डकी प्रदेशको बाग्लुङ जिल्लामा सम्पन्न तीन शुन्य क्लब सम्मेलनबाट १४ बुँदे घोषणापत्र सर्वसम्मतिले पारित भएको छ ।

सिवाईसी साकोस द्वारा आयोजना गरेको उक्त सम्मेलनको उद्घाटन स्वावलम्बन विकास केन्द्रका अध्यक्ष तथा सम्मेलनका प्रमुख अतिथि शंकर मान श्रेष्ठले गर्नु भएको थियो । सम्मेलनलाई सम्बोधन गर्दै अध्यक्ष श्रेष्ठले भन्नुभयो, "तीन शून्य क्लबको प्रवर्द्धन, सहजीकरण र विस्तारमा मिहिनेत गर्यौं भने जनताको जीवनमा सामाजिक-आर्थिक रूपान्तरण ल्याउन सक्छौं । म यस कार्यक्रममा उपस्थित युवाहरुलाई तीन शून्य क्लबको प्रवर्द्धन मार्फत बेरोजगारी, गरिबी र खुद कार्बन उत्सर्जनलाई शून्यमा झारी सामाजिक-



गण्डकी प्रदेश सम्मेलन उद्घाटन गर्नु हुँदै केन्द्रका अध्यक्ष शंकर मान श्रेष्ठ

आर्थिक रूपान्तरणमा नेतृत्व लिन आग्रह गर्दछु । यस अभियानमा हातेमालो गर्न यहाँ उपस्थित सम्पूर्ण स्थानीय निकायका जनप्रतिनिधिहरु समक्ष आग्रह गर्दछु ।

लघुवित्त तथा सहकारीले पनि ऋण र बचत कार्यक्रमहरूमा मात्र केन्द्रित हुनु हुँदैन ।" साथै उहाँले सम्मेलनको सफल आयोजनाका लागि सिवाईसी साकोसका अध्यक्ष लगायत सीवाईसी परिवारलाई धन्यवाद पनि दिनुभयो ।

सम्मेलनलाई सम्बोधन गर्दै गण्डकी प्रदेशसभा सदस्य डिल्लीराम सुवेदीले तीन शून्य क्लबका सदस्यको क्षमता पहिचान गरी आर्थिक, सामाजिक परिवर्तन ल्याउनु पर्ने धारणा राख्नुभयो ।

सो अवसरमा बडिगाड गाउँपालिकाकी अध्यक्ष गण्डकी थापा अधिकारीले स्थानीय सरकारले तीनशून्य क्लबको अभियानलाई आत्मसात गर्ने प्रतिबद्धता जनाउनु भयो ।

सो अवसरमा सीवाईसी लघुवित्त वित्तीय संस्था लिमिटेडका अध्यक्ष तथा सीवाईसी साकोसका संरक्षक पद्मनाथ शर्माले हरेक लघुवित्त तथा सहकारी संस्थाले आफ्नो सामाजिक उत्तरदायित्व कोषलाई उद्यमशीलता विकास, युवा स्वरोजगारी, वातावरण संरक्षण, गरिबी न्यूनीकरण र ३ शून्य क्लबको प्रवर्द्धन जस्ता कार्यमा प्रयोग गर्नु पर्ने धारणा राख्नुभयो ।



सम्मेलनमा सहभागी ३ शून्य क्लबका सदस्यहरु

सो अवसरमा जयबनी नगरपालिकाका उपाध्यक्ष हरिहर शर्मा, बाग्लुङ जिल्ला समन्वय समिति सदस्य अमरबहादुर थापा, लुम्बिनी प्रदेश युवा परिषद्का कार्यकारी उपाध्यक्ष तथा उद्यमी गोविन्द बहादुर केसी लगायतले आफ्ना धारणा राख्नुभएको थियो ।

सम्मेलनमा तीन शून्य क्लब गठन भएका विभिन्न विद्यालयका प्रतिनिधिका साथै नीति निर्माता, लघुवित्त तथा लघुवित्त गर्ने सहकारी संस्थाका प्रतिनिधि, उद्योगी, व्यवसायी लगायत विभिन्न सरोकारवालाहरु समेत गरी ३५० जनाको सहभागिता रहेको थियो ।

## गण्डकी प्रदेश तीन शून्य क्लब सम्मेलनबाट पारित घोषणापत्र

१. बागलुङ जिल्लाका १० वटा स्थानीय तहहरुसँग समन्वय गरी ३५ वटा कलेज र विद्यालयहरुमा थप ५० वटा थ्री जिरो क्लब गठन गरी सो क्लबलाई विकास साझेदार र परिवर्तनका सम्वाहकको रुपमा विकास गर्ने ।

२. गरिबी, बेरोजगारी र खुद कार्वन रहित संसारको सिर्जना गर्ने थ्री जिरो क्लबको परिकल्पनामा आधारित रही सामयिक रुपमा Idea Conclave, परामर्श र विषय विज्ञसँगको छलफल कार्यक्रम सञ्चालन गर्ने ।

३. थ्री जिरो क्लबमा आवद्ध व्यक्तिहरुले आफ्नो पारिवारिक वित्तीय लक्ष्य निर्धारण र पारिवारिक बजेट निर्माण गरी आफ्नो व्यक्तिगत वित्तीय स्वतन्त्रताको अभियानको शुरुवात गर्ने ।

४. प्रत्येक क्लबले आफ्नो विद्यालयका प्रधानाध्यापक र शिक्षक प्रतिनिधिको सहयोगमा आजको १ महिना भित्रमा क्लबको वार्षिक कार्ययोजना निर्माण गरी कार्यान्वयनमा ल्याउने ।

५. थ्री जिरो क्लबको प्रथम सम्मेलनका क्रममा चारतारे युवा क्लब, सिवाईसी नेपालको तर्फबाट घोषणा भएको नविनतम सोच (Innovative Idea) पुरस्कारका लागि प्रत्येक क्लबले कम्तीमा ३ वटा Innovative Idea सिवाईसीमा पेश गर्ने ।

६. शैक्षिक संस्था, गैरसरकारी संस्था, सहकारी, लघुवित्त, स्थानीय निकाय लगायतसँग सहकार्य गरी पहिलो चरणमा हाल थ्री जिरो क्लब रहेका कम्तीमा ३ वटा विद्यालयमा पढ्दै कमाउदै कार्यक्रम सञ्चालन गरी सानैदेखि उद्यमी बन्ने कार्यको शुरुवात गर्ने ।

७. "देशका लागि मेरो एक दिन" अभियान सञ्चालन गरी थ्री जीरो क्लबले गर्ने क्रियाकलापहरुका लागि श्रोतको व्यवस्थापन गर्ने ।

८. जलवायु परिवर्तनबाट पछिल्लो समयमा पृथ्वीमा भईरहेको असरलाई न्यूनीकरण गर्न सिवाईसीसँगको समन्वयमा वर, पिपल, स्वामी लगायतका वातावरणमैत्री वोटविरुवा रोपण अभियान सञ्चालन गर्ने ।

९. थ्री जिरो क्लबमा आवद्ध व्यक्तिहरु विद्यालय तथा समाजको रोल मोडलको रुपमा आफूलाई विकसित र स्थापित गर्ने ।

१०. जिल्लामा रही थ्री जिरो क्लबको सिद्धान्तसँग मिल्दाजुल्दा नविनतम विचारमा आधारित सामाजिक व्यवसायमा आवद्ध युवाहरुलाई थ्री जिरो क्लबसँगको ऐक्यवद्धतामा सहभागी गराउने ।

११. युवाहरुको क्षमता विकास, प्राविधिक ज्ञान विकासमा विशेष प्याकेज सहितको कार्यक्रम सञ्चालनमा स्थानीय तह, प्रदेश र संघीय सरकारसँग साझेदारी गर्ने ।

१२. सिवाईसी नेपालको नेतृत्वमा विभिन्न किसिमका संस्थाहरुसँगको समन्वयमा Startup Eco System बनाई युवाको सोचलाई कार्यान्वयनसम्म पुर्‍याउने ।

१३. थ्री जिरो क्लबमा आवद्ध सदस्यहरुले उत्पादन गरेका बस्तु तथा सेवाहरुलाई ब्राण्डीङ गरी बजारीकरण गर्न सहयोग गर्ने ।

१४. थ्री जिरो क्लबका सदस्यहरुको Innovative Idea मा पुँजी लगानी गरी संस्थालाई चाहिने विभिन्न किसिमका विशेषज्ञ सेवा प्रदान गर्ने ।

# चौथो राष्ट्रिय लघुवित्त सदस्य सम्मेलनको घोषणपत्र कार्यान्वयनका लागि मार्गचित्र तयार




गोष्ठीलाई सम्बोधन गर्नु हुँदै अध्यक्ष शंकर मान श्रेष्ठ

२०८० फागुन ५ र ६ गते सम्पन्न चौथो राष्ट्रिय लघुवित्त सदस्य सम्मेलनले तयार पारेको १२ बुँदे घोषणापत्र कसरी कार्यान्वयनमा लग्ने भन्नेबारे मार्गचित्र निर्माण भएको छ । स्वावलम्बन विकास केन्द्रले २०८१ साउन १२ गते काठमाडौंमा आयोजना गरेको नेपाली लघुवित्तका प्रबुद्ध व्यक्तिहरु सम्मिलित **नेपालमा लघुवित्तको सवलीकरण (Symposium on Strengthening Microfinance in Nepal)** विषयक गोष्ठीबाट उक्त मार्गचित्र तयार गरिएको हो ।

मार्गचित्र निर्माण गर्न चौथो राष्ट्रिय लघुवित्त सदस्य सम्मेलन आयोजक समितिका सदस्यहरु लगायत सम्मेलनमा सहभागी लघुवित्त संस्था तथा लघुवित्त सञ्चालन गर्ने संस्थाका सञ्चालक, अध्यक्ष, प्रमुख कार्यकारी, नायव प्रमुख कार्यकारी तथा उच्च व्यवस्थापनका प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

गोष्ठीको उद्घाटन समारोहमा चौथो राष्ट्रिय लघवित्त सदस्य सम्मेलन आयोजक समितिका अध्यक्ष शंकर मान श्रेष्ठले भन्नुभयो "लघुवित्त क्षेत्रमा हाल देखा परेका अधिकांस समस्याहरु लघुवित्तकर्मीको आफ्नै कारणले उब्जेका हुन् । समस्याहरुको समाधान पनि हामी आफैले गर्नु पर्छ । बाहिरको कोही आएर समाधान गरी दिनेवाला छैन । हामी सँग आवश्यक ज्ञान र क्षमता सबै छ । विश्वभर लघुवित्तमा कहाँ के भै रहेको छ सबै ज्ञान छ, तर सुधारको लाग अठोटको खाँचो छ । मुख्य कुरा हामीले लघुवित्तको लक्षित वर्ग, समाज, देश तथा आफै प्रति ईमान्दारिता, नैतिकता र निष्ठा प्रस्तुत गर्नु जरुरी छ ।" उहाँले अरु देशमा एक दुई वटा संस्थामा समस्या देखा परे पनि नेपालमा समग्र लघुवित्त क्षेत्रमा नै समस्या देखा परेको उल्लेख गर्नुभयो । "हामी कहाँ प्रणाली नै बिग्रियो, बिगारियो । मूल्य, मान्यता, सिद्धान्त र तौरतरिका सबैलाई तिलान्जली दियौं र परिणामत: यस्तो अवस्था आयो । हिजोको शुरुवाती अवस्था स्वर्णीम युग जस्तै थियो । उ बेला जताततै उत्साह, उमंग थियो । आनन्दनै आनन्द र सकुनै सकुन थियो । इमान्दारिता थियो र सम्मान पनि थियो । अव लघुवित्तकर्मीले आत्ममूल्यांकन गर्नु र सच्चिनु आवश्यक छ । चौथो राष्ट्रिय लघुवित्त सदस्य सम्मेलनले पारित गरेको १२ बुँदा कार्यान्वयन गर्न सके पनि अहिलेको समस्याबाट सहजै पार पाउन सकिन्छ ।" श्रेष्ठले भन्नुभयो । साथै उहाँले घोषणपत्र कार्यान्वयनको लागि मार्गचित्र बनाउने उद्देश्यले कार्यशाला गोष्ठीको आयोजना गरेको उल्लेख गर्दै यसको भरपुर सदुपयोग गर्न आवाहन गर्नुभयो ।

सो अवसरमा केन्द्रका कार्यकारी प्रमुख बेचन गिरीले चौथो राष्ट्रिय लघुवित्त सदस्य सम्मेलनले पारित गरेको १२ बुँदे घोषणापत्रलाई कार्यान्वयन गर्न सहज बनाउने गरी मार्गचित्र निर्माण गर्ने उद्देश्यले स्वावलम्बन विकास केन्द्रले गोष्ठीको आयोजना गरेको जानकारी दिनुभयो । "विगतमा तीनवटा सम्मेलन सम्पन्न भए । सबैमा घोषणापत्र तयार भए । तर कार्यान्वयनको पाटो सन्तोषजनक रहेन । अब चौथो सम्मेलनको घोषणपत्र कार्यान्वयन पहिलाको जस्तै नहोस् र कार्यान्वयनमा पनि एकरुपता आओस् भनेर स्वावलम्बन विकास केन्द्रले यो गोष्ठी आयोजना गरेको हो ।" गिरीले भन्नुभयो ।

गोष्ठी तीनवटा सत्रमा बाँडिएको थियो । पहिलो सत्रले घोषणापत्रको १ देखि ४ नम्बर सम्मको बुँदामा, दोस्रो सत्रमा ५ देखि ८ र तेस्रो सत्रमा ९ देखि १२ गरी चौथो राष्ट्रिय लघुवित्त सदस्य सम्मेलनको घोषणपत्रका सबै १२ वटा बुँदाहरु कसरी कार्यान्वयन गर्ने भन्नेबारे छलफल भएको थियो । पहिलो सत्रको सहजीकरण युनिक नेपाल लघुवित्त वित्तीय संस्था लि. का कार्यकारी निर्देशक डा. गोपाल दहितले गर्नु भएको थियो । उक्त सत्रमा बक्ताहरुको रुपमा नेपाल बैकर्स संघका अध्यक्ष राम बहादुर यादव, फर्ष्ट माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि.का नायव प्रमुख कार्यकारी अधिकृत दानाराज पन्त, किसान बहुउद्देश्यीय सहकारी संस्था लि. का महाप्रबन्धक डम्बर बहादुर शाह र फरवार्ड माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि.का विभागीय प्रमुख हिरा कुमारी थन्दार हुनुहुन्थ्यो ।

दोस्रो सत्र जीवन विकास लघुवित्त वित्तीय संस्था लि. का प्रमुख कार्यकारी अधिकृत सञ्जय कुमार मण्डलले सहजीकरण गर्नु भएको थियो । यस सत्रमा वक्ताको रुपमा आत्मनिर्भर लघुवित्त वित्तीय संस्था लि. का प्रमुख कार्यकारी अधिकृत सोगतवीर चौधरी, चमेली बचत तथा ऋण सहकारी संस्थाका प्रमुख कार्यकारी अधिकृत भरत साह, उपकार लघुवित्त वित्तीय संस्था लि. का प्रमुख कार्यकारी अधिकृत शारदा पोखरेल र जीवन विकास लघुवित्त वित्तीय संस्था लि.का नायब प्रमुख कार्यकारी अधिकृत दामोदर रेग्मी रहनु भएको थियो । उक्त सत्रमा ५ देखि ८ नम्बर सम्मका बुँदामा छलफल भएको थियो ।

गोष्ठीको तेस्रो सत्रमा घोषणापत्रका अन्तिम ९ देखि १२ सम्मका चारवटा बुँदामा छलफल भएको थियो । उक्त सत्रको सहजीकरण सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लि.का प्रमुख कार्यकारी अधिकृत महेन्द्र कुमार गिरीले गर्नु भएको थियो । वक्ताहरुमा छिमेक लघुवित्त वित्तीय संस्था लि.का प्रमुख कार्यकारी अधिकृत दिपकनीधि तिवारी, मानुषी लघुवित्त वित्तीय संस्था लि. का प्रमुख कार्यकारी अधिकृत शोभा बज्राचार्य, लक्ष्मी लघुवित्त वित्तीय संस्था लि. का प्रमुख कार्यकारी अधिकृत सुन्दर प्रसाद श्रेष्ठ र बौद्ध ग्रामीण बहुउद्देश्यीय सहकारी संस्थाका प्रमुख कार्यकारी अधिकृत विशाल के.सी. हुनुहुन्थ्यो ।

सत्रमा भएको छलफल पछि सबै सहभागीहरु तीन समूहमा विभाजित भएर घोषणपत्रका १२ बुँदालाई कसरी कार्यान्वयन गर्ने स्पष्ट मार्गचित्रको मस्यौदा तयार पारेका थिए । समूहगत रुपमा तयार पारेको मार्गचित्रको

मस्यौदालाई पुनः पूर्ण सत्रमा प्रस्तुत गरी सुझाव समेत संकलन गरी मार्गचित्रलाई अन्तिम रुप दिइएको थियो ।

पारित गरिएको मार्गचित्र अनुसार सम्मेलनको पहिलो बुँदा अन्तर्गत चौथो राष्ट्रिय लघुवित्त सदस्य सम्मेलनको मर्मलाई लघुवित्त गर्ने संस्थाका सञ्चालक, फिल्ड कर्मचारी तथा समुदाय सम्म पुर्‍याउन श्रोत व्यक्ति तोकेर विभिन्न कार्यक्रम गर्ने, लघुवित्त अभियन्तालाई योगदानको आधारमा सम्मानित गर्ने, लघुवित्तका असल र सफल कार्यलाई बाहिर ल्याउने जस्ता विषयहरु छन् । यसै गरी उक्त सत्रले सम्मेलनको नारा अनुसार के हुँदा सदस्य समृद्ध हुने र के हुँदा लघुवित्त सेवा स्वस्थ हुने भन्ने मापदण्ड पनि निर्धारण गरेको छ ।

दोस्रो नम्बरको बुँदामा उद्यमशीलता विकासको लागि हरेक लघुवित्त संस्थामा आवश्यक सबै प्रकारका पूर्वाधारहरु बनाउने, सम्भावित सदस्य उद्यमी र सदस्यलाई उद्यमी बन्न आवश्यक पर्ने सीप तथा तालिमहरुको पहिचान गर्ने, हरेक केन्द्रमा कम्तिमा एउटा नयाँ उद्यमी बनाउने अभियान चलाउने, सदस्यको व्यावसायिक सीप र क्षमता बढाउन अध्ययन अवलोकन भ्रमणहरुको व्यवस्था गर्ने, खाली जमीनमा उच्च मूल्य दिने विरुवा रोप्ने र उद्यमशीलताको सन्देश फैलाउने आदि जस्ता सुझावहरु समेटिएका छन् ।

घोषणपत्रको तेस्रो बुँदा अनुसार सदस्यलाई हानि हुने काम नगर्न कर्मचारी तथा व्यवस्थापनको कमजोर पक्ष सुधार गर्ने, सदस्य सँग असल व्यवहार गर्ने र पक्षपात नगर्ने, "सदस्य संस्थाको मुटु हो" भन्ने भावना अनुरुप काम गर्ने । केन्द्र बैठक पाक्षिक रुपमा गर्ने, सदस्य पहिचान गर्दा पीआरए, पीडब्लूआर विधि तथा सामाजिक सञ्जाल ट्र्याकीङ विधि अपनाउने तथा गुनासो सुनुवाईलाई प्रभावकारी बनाउने जस्ता विषयहरु रहेका छन् ।

यसै गरी चौथो बुँदामा वर्षेनी असल अभ्यास र सफलताको कथाको संग्रह तयार पारी प्रचार प्रसार गर्ने, सदस्यहरुसँग सम्बन्ध, भेटघाट र अनुगमनलाई बढाउने, फिल्ड कर्मचारी, शाखा प्रमुख, केन्द्रीय कार्यालयको विभागीय प्रमुख, कार्यकारी प्रमुख तथा नायव कार्यकारी प्रमुखको मासिक कार्यतालिका बनाएर लागू गर्ने, पत्रकार, जनप्रतिनिधि, आदि माफ वित्तीय साक्षरता बढाउने, सदस्यहरुको वर्गीकरण गर्ने, सोही अनुसार कर्जा र अरु थप सेवा दिने जस्ता विषयहरु पारित भएका छन् ।

घोषणापत्रको पाँचौ बुँदा कार्यन्वयन गर्न सदस्य संरक्षण सिद्धान्त अनुसार सदस्यसँगको व्यवहार सम्मानजनक बनाउनको लागि कर्मचारीको आचार संहिता तयार गरी लागु गर्ने, गुनासो सुनवाई इकाई गठन गरी प्रभावकारी बनाउने, सदस्यको सन्तुष्टि मापन गर्ने, सदस्यको आवश्यकता र क्षमता हेरी ऋण प्रवाह गर्नु पर्ने, सदस्यको हितलाई ध्यानमा राखि सोही अनुसार कर्मचारीको क्षमता विकास गर्ने जस्ता विषयहरु पारित भएका छन् ।

छैटौं बुँदाको कार्यान्वयनको लागि सदस्यका गुनासाहरु समयमै सम्बोधन गर्ने, लघुवित्त कार्यक्रमबारे सदस्यहरुलाई बुझाउने, बचत तथा ऋण मात्र नभई क्रेडिट प्लसको क्रियाकलापमा जोड दिने र कारोवारमा पारदर्शिता ल्याउने जस्ता विषयहरु पारित भएका छन् ।

सदस्यका छोराछोरी र युवाहरुलाई उद्यमशीलता, नवप्रवर्तन, स्वरोजगारी र रचनात्मक कार्यमा क्रियाशील बनाई उद्यमीपुस्ताको रुपमा विकास गर्ने भन्ने सातौं बुँदा कार्यान्वनको लागि परम्परागत र रैथाने पेशा, ज्ञान तथा सीपहरुलाई उद्यममा परिणत गर्न सघाउने, युवाहरुलाई स्थानीय उत्पादन र मौलिक खानेकुराहरुको पहिचान, प्रवर्द्धन तथा जगेर्ना गर्दै व्यवसाय सिर्जना गर्न सघाउने, पढ्दै कमाउदै अवधारणा लागु गर्ने, युवाहरुमा भएको सिर्जनशीलताको सम्भावना उजागर गर्ने तथा उद्यमशील सोचको विकास गर्ने, उद्यमशीलता विकासका लागि स्थानीय तालुकवाला सरकारी निकाय सँग सहकार्य गर्ने, तथा दोश्रो पुस्ताका युवाहरुलाई उद्यमशीलताको अभिमुखिकरण तथा सीपमुलक तालिम मार्फत उद्यमी बनाउन सहजीकरण गर्ने जस्ता विषयहरु पारित भएका छन् ।



गोष्ठीका सहभागीहरु

घोषणापत्रको आठौं बुँदा अनुसार तीन शून्य क्लबको गठन र प्रवर्द्धनको कार्यान्वयनकालागि पनि ठोस कामहरु गर्ने तय भएको छ । जस अनुसार संस्थाहरुले गर्ने हरेक सामाजिक कार्यमा तीनशून्य क्लबमा आवद्ध युवाहरुलाई अग्रणी भूमिका निर्वाह गर्ने अवसर प्रदान गर्ने, फोहोरलाई मोहोर बनाउन युवाहरुको क्षमता विकास गर्ने, संरक्षण र आयआर्जनका काममा युवाहरुलाई जोड्ने र लघुवित्तको दोश्रो पुस्ताका रुपमा क्लबमा आबद्ध सदस्यहरुलाई विकास गर्ने लगायतका विषय पारित भएका छन् ।

घोषणापत्रको नवौं बुँदा वातावरणमैत्री आत्मनिर्भर गाउँ निर्माण कार्यान्वयनमा हरेक संस्थाले आफ्नो कार्यक्षेत्रको कम्तिमा एउटा गाउँलाई वातावरणमैत्री आत्मनिर्भर गाउँ निर्माण गर्ने, वातावरण संरक्षणको लागि बृक्षारोपण र सरसफाई अभियान सञ्चालन गर्ने, सबै संस्थाहरुले हरित ऋणको प्रोडक्ट बनाउने, प्रत्येक संस्थाले व्यवसाय विकास सेवा डेस्क स्थापना गर्ने र प्राकृतिक विपद् खतराको पहिचान तथा नक्साङ्कन गरी न्यूनीकरणमा सघाउने जस्ता विषयहरु रहेका छन् । यसै गरी घोषणापत्रको १०औं बुँदा सदस्यमैत्री डिजिटल लघुवित्त सेवामा जोड दिने विषयमा डिजिटल रुपमा व्यवसाय योजना तर्जुमा गर्न भरपर्दो प्रणालीको विकास गरी केन्द्रमार्फत सदस्यहरुको व्यावसायिक योजना निर्माण गर्न सघाउने, डिजिटल वित्तीय साक्षरता कक्षा सञ्चालन गर्ने र कक्षा सञ्चालन म्यानुअल तयार गर्ने, डिजिटल प्रविधि पूर्वाधार निर्माणमा लगानी गर्ने विषय सिफारिस भएका छन् ।

यसै गरी लघुवित्त सेवा उपभोग पछि सदस्यहरुमा आएको आर्थिक सामाजिक परिवर्तन को विश्लेषण गर्ने भन्ने ११औं बुँदाको कार्यान्वयनको लागि संस्थाहरुको कोर बैंकिङ प्रणालीमानै पी.पी.आई. लगाएत अन्य सामाजिक तथा आर्थिकसूचक मापन गर्ने मापदण्डहरु समावेश गरी विश्लेषण गर्ने संयन्त्रको विकास गर्ने सुझाव आएको छ ।

घोषणापत्रको सबै निष्कृय सदस्यलाई सक्रिय बनाउने भन्ने अन्तिम बुँदाको कार्यान्वयनको लागि सबै केन्द्रमा गुनासो सुनुवाई प्रभावकारी र संस्थागत बनाउने, कम्तिमा वर्षको एक पटक सदस्यहरुको घरदैलोमा संस्थाको प्रतिनिधि वा कर्मचारी पुगी भावनात्मक

(बाँकी पृष्ठ १६ मा)

# लघुवित्त सदस्यलाई लघुउद्यमी बनाउने अभियानमा तिब्रता

# पछिल्लो एक वर्षमा ६ हजार भन्दा बढी लघुवित्त सदस्यलाई सीपमूलक उद्यमशीलता तालिम



सीपमूलक तालिमका झलकहरु

प्रत्येक लघुवित्त सदस्य उद्यमी बन्नु पर्छ । त्यसका लागि सदस्यले संस्थाबाट लिएको ऋण उत्पादनशील क्षेत्रमा लगानी गर्नु पर्छ । यसले सदस्यहरु ऋणको भारले थिचिनु पर्दैन । एउटा संस्थाको ऋण तिर्न अर्को संस्था गुहार्नु पर्दैन । लगानी उत्पादनशील क्षेत्रमा भयो भने सदस्य समृद्ध बन्छ भने कर्जा असुली सुनिश्चित भई लघुवित्त संस्था पनि दिगो हुन्छ । यही सन्दर्भमा लघुवित्तका महिला सदस्यलाई उद्यमी बनाउने लक्षका साथ स्वावलम्बन विकास केन्द्रले लघुवित्तका महिला सदस्यलाई उद्यमी बनाउन उद्यमशीलता विकास कार्यक्रम अगाडी बढाएको छ ।

विभिन्न १४ वटा लघुवित्त संस्थाहरु सँगको सहकार्यमा डेढ वर्ष अघि शुरु भएको उद्यमशीलता विकास अभियानमा उल्लेख्य सदस्यहरु समावेश भएका छन् । यस अभियान अन्तर्गत विभिन्न संस्थाहरुको प्रयासमा २ सय भन्दा वढी सीपमूलक तालिमहरु आयोजना गरिएका छन् । जसबाट ६ हजार भन्दा धेरै लघुवित्त सदस्यहरु लाभान्वित भएका छन् । तालिम प्राप्त सदस्यहरुले आफ्नो व्यवसायलाई नयाँ उचाई दिन सफल भएका छन् । तालिम पछि सदस्यहरु उद्यम, व्यवसायमा व्यावसायिकता बढाई लगानी र व्यवसाय विस्तार गर्न सफल भएका छन् । साथै आफ्नो उत्पादन तथा व्यवसायको विविधिकरण गर्न थालेका छन् । सदस्यको उत्पादन र उत्पादकत्व बढेको छ भने खुद मूनाफा पनि बढेको छ । यसको साथै तालिम प्राप्त सदस्यको परिवार भित्र स्वरोजगारी सिर्जना गर्नुका साथै वाहिरका मानिसको लागी रोजगारी पनि सिर्जना भएका छन् । तालिम प्राप्त सदस्यहरुमा गरेको प्रभाव मुल्यांकन अनुसार ६६ प्रतिशत सदस्यको बार्षिक आम्दानी बढेको छ । यसैगरी ८१ प्रतिशत सदस्यले मुनाफा बढाएका छन् भने करिब ८० प्रतिशतले रोजगारी सिर्जना गर्न सक्षम भएका छ ।

उद्यमशीलता विकास कार्यक्रम अन्तर्गत लघुवित्तका असल सदस्यलाई उद्यमी बन्न सक्ने सम्भावित सदस्य र सदस्यको लागि उपयुक्त व्यवसाय तथा ग्राहक सदस्यहरुको आवश्यकता पहिचान गरी सोही अनुसारको तालिम दिइएको छ । लघुवित्त संस्थाहरुले आफ्ना ग्राहक सदस्यमा भएका सम्भावनाहरुको पहिचान गरी उनीहरुको सेवा तथा उत्पादन बढाउन, व्यवसायको स्तरीकरण तथा विविधिकरण गर्न, उत्पादनको बजारीकरण गर्न तथा उच्च मूल्य दिलाउन मूल्य श्रृंखलामा पनि सघाएका छन् । सदस्यको उत्पादनको ब्राण्डीङ, प्याकेजिङ, लेवलिङ र विविधिकरणमा पनि सघाएका छन् । साथै व्यवसाय दर्ता गर्न तथा उद्यमी सदस्यलाई स्थानीय स्तरमा उपलब्ध अवसरहरु सँग जोड्न पनि सघाई रहेका छन् । यसको साथै निर्यात प्रवर्द्धन तथा आयात प्रतिस्थापन गर्ने, मागमा आधारित उत्पादनमा लाग्न सदस्यलाई प्रेरित गर्ने, विशेष उत्पादन क्षेत्र र विशेष उत्पादनको प्रवर्द्धनमा जोड दिने जस्ता रणनीति अनुसार पनि काम भएका छन् । यस्ता कार्यक्रमहरु लघुवित्त संस्थाहरुले निरन्तर अघि बढाई रहेका छन् ।

यसको साथै केन्द्रले पछिल्लो समय विश्वव्यापी रुपमा उपभोक्ता र बिक्रेताको लागि निकै लोकप्रीय र अथाहा सम्भावना भएको डिजिटल बजार अर्थात इ–कमर्समा लघुवित्त सदस्यको पहुँच बृद्धि गर्ने हेतुले सदस्यलाई डिजिटल साक्षरता तालिम पनि दिएको छ । जस अन्तर्गत करिब ६० जना भन्दा धेरै सदस्यले यस्तो तालिम पाएर दराज, लगायतका अनलाइन बजार सँग जोडिएका छन् । केही सदस्यले आफ्नो अनुकुलता अनुसार फेसबुक, भाइवर, आदि जस्ता सामाजिक सञ्जाल मार्फत आफ्नो सेवा तथा उत्पादनको बजारीकरण शुरु गरेका छन् । तालिम प्राप्त सदस्यहरुलाई दोस्रो चरणमा उद्यमशीलता विकास तालिम प्राप्त लघुवित्तकर्मीहरुले सम्भावित उद्यमीको रुपमा छनोट गरेका थिए । जस अनुसार विभिन्न २२ वटा पेशा तथा व्यवसायमा २ सय वटा तालिमहरु सम्पन्न भएका थिए ।

तालिम अनुसार अगरबत्ती व्यवसायमा १ सय ५४ जना, माहुरी पालनमा ३० जना, फ्रेस हाउस व्यवस्थापनमा ३४ जना, बाख्रापालनमा ६ सय ६२ जना, तरकारी खेती तर्फ १ हजार ६ सय ६५ जना, च्याउ खेती तर्फ २ सय ३१ जना, पोते तथा माला व्यवसाय तर्फ ३२ जना, पशुपालन तर्फ १ हजार ७ सय ५ जना, फूल खेतीमा ३५ जना, भैंसीपालनमा ४ सय ५६ जना, तरकारी नर्सरीमा २२ जना, ढाँका व्यवसायमा ४४ जना, पशुरोग नियन्त्रणमा २७ जना, गाईपालनमा ६ सय १८ जना, बंगुरपालनमा १ सय ६० जना, अचार बनाउन ४० जना, गड्यौंला पालनमा २७ जना, हस्तकला तथा फर्निचरमा ५२ जना, गुडिया बनाउने २९ जना, साइलेज घाँस बनाउनेमा ३० जना र झोल साबुन बनाउनेमा ६८ जना सदस्यले तालिम पाएका छन् । उद्यमशीलता विकास सीपमूलक तालिम प्राप्त गर्ने सदस्यहरु व्यावसायिक रुपमा अघि बढ्ने र सफलता हात पार्ने क्रम निरन्तर जारी छ । साथै लघुवित्त तथा लघुवित्त सञ्चालन गर्ने सहकारी संस्थाहरुले पनि आफ्ना सदस्यहरुलाई उद्यमी बनाउने कार्यलाई निरन्तर रुपमा अघि बढाई रहेका छन् । केही संस्थाहरुले त विशेष उत्पादन क्षेत्र प्रबर्द्धन गर्ने नीति अनुसार कतै दुध, कतै मासु, कतै परेवा, तरकारी लगायत उत्पादनका पकेटक्षेत्रहरु पनि बनाउन थालेका छन् ।

# सीपमूलक तालिम पछि सदस्यहरूमा आएको परिवर्तन

## उद्यमी बने सँगै परिवारको जिम्मेवारी उठाउन सक्षम भईन्, तेतरी महतो



मजदुरी गरी परिवार पाल्दै आएका श्रीमान् प्यारालाइसिस भएर अपाङ्ग भए पछि  ईश्वरपुर सर्लाहीकी तेतरी देवी महतोको काँधमा १५ वर्ष अघि विरामी श्रीमान्, बुढा सासु, ससुरा र नावालक छोराछोरीको सम्पूर्ण जिम्मेवारी आयो ।

जीवन धान्न चमेली बचत तथा ऋण सहकारी संस्था लि. बाट ऋण लिएर तरकारी खेती गर्दै परिवारका आवश्यकता पूरा गर्नु भयो । परम्परागत रुपमा गरिने खेतीबाट दुख धेरै आम्दानी कम थियो । २०८० जेठमा चमेली साकोसबाट व्यावसायिक तालिम पाईन् । तालिममा सिकेको ज्ञानलाई उपयोग गर्दै उनले पहिला गर्दै आएको ३ कठ्ठा जग्गामा ५ कठ्ठा जग्गा थपेर तरकारी रोपिन् । यसपटक तेतरीले विऊ छान्ने, खेत जोत्ने, ब्याड राख्ने, मल तथा औषधिको प्रयोग गर्ने, तरकारी टिप्ने र बजार पुर्‍याउने जस्ता काम तालिममा सिके अनुसार गरिन् । जसले गर्दा पहिलाको जस्तै मिहेनतमा मनग्य उत्पादन लिन सफल भईन् । विगतमा ३ हजार किलो सम्म तरकारी उत्पादन गर्ने तेतरीले यसपाली १३ हजार ४ सय किलो उत्पादन गरिन् । आम्दानी पनि एक लाख रुपैयाँबाट बढेर ५ लाख ६० हजार पुग्यो । सीप सँगै तेतरीको साहस र उत्साह पनि बढेको छ । जीवनमै पहिलो पटक कृषि कर्म गरेर पनि सम्पन्न बन्न सकिन्छ भन्ने लागेको छ उनलाई । साथै परिवारका सबै आवश्यकता पूरा गर्न पनि सक्षम हुनु भएको छ ।

## जीवन विकास लघुवित्तले उद्यमी बनायो आशा देवी सरदार



मोरङको धनपालथानकी आशा देवी सरदारको परिवारलाई विगतमा घरव्यवहार मिलाउन सधै आर्थिक अभाव हुन्थ्यो । श्रीमान डोमालाल सरदारले विभिन्न व्यवसाय गरी घरव्यवहार मिलाउनु हुन्थ्यो । छोराछोरी हुर्कदै जाँदा आवश्यकता बढ्न थाले । आम्दानीको भरपर्दो बाटो थिएन । यही बिचमा जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेडले गाई पालन गर्न तालिम दियो । गाई किन्न ३ लाख रुपैयाँ ऋण पनि दियो । सरदार दम्पतिले यसबाट होलेष्टेन जातको दुईवटा गाई किने । गोठ, दाना, औषधि आदिको व्यवस्थापन गर्न जीवन विकासकै प्राविधिकले सघाउन थाले । हाल उहाँले दैनिक २५ लिटर भन्दा बढी दूध बेच्नु हुन्छ । महिनामा रु. ४५ हजार सम्म आम्दानी हुन्छ । किस्ता र अन्य खर्च कटाएर २५ हजार मासिक खुद मुनाफा हुने गरेको छ । दूध लिन जीवन विकास डेरी घरमै आउँछ । गाई फर्म बाट दूध बाहेक महिनामा करिब रु ६ हजार बरावरको गोवर र गहुत पनि बिक्री हुन्छ । यो पनि जीवन विकासकै बायोग्याँस प्लान्टले किनी दिन्छ ।

## उस्तै मिहेनत र लगानीमा धेरै बाख्रा पाल्न सकिने रहेछ मञ्जु कुमारी चौधरी



चितवन माडीकी मञ्जु कुमारी चौधरी र दयाराम महतोको ६ जनाको परिवार अचेल सुखी र खुशी जीवन बिताई रहेको छ । यो जोडीलाई विगतमा अभाव र गरीबीले निकै पिरोल्यो । छिमेक लघुवित्त वित्तीय संस्था लि.बाट कर्जा लिएर २०६७ सालमा बाख्रा पालन शुरु गरेकी मञ्जुलाई गत वर्ष पाएको बाख्रा पालन तालिम पछि भने व्यावसायिक रुपमा बाख्रा पाल्दा उस्तै मिहेनत र लगानीमा धेरै फाइदा लिन सकिन्छ भन्ने थाहा भयो । तालिममा मञ्जुले बढी फाईदा लिन सकिने उन्नत नश्लका बाख्रा, बाख्राको लागि आहार तथा खोर व्यवस्थापन, औषधि, उपचार आदि वारे सिकेकी थिईन् । सुधारिएको गोठको महत्व र बनाउने तरिकाबारे पनि सिकेकी थिईन् । तालिम पछि गोठ सुधार्ने देखि दाना व्यवस्थापन गर्ने र नश्ल पनि सुधार्ने काम गरिन् । सबै काम व्यवस्थित तरिकाले गर्दा मञ्जुलाई थोरै मिहेनत गरेर धेरै बाख्रा पाल्न सकिने रहेछ भन्ने अनुभूति भएको छ । हाल उनी सँग ८० वटा बाख्रा छन् । बाख्राहरु फस्टाएका छन् । उनले वर्षमा करिब ६ लाख भन्दा बढी मुनाफा गर्ने लक्ष राखेकी छन् ।

## सफल हुन व्यवसाय विस्तार र विविधिकरण गर्नु पर्ने रहेछ पार्वती उपाध्याय अधिकारी



उपकार लघुवित्त वित्तीय संस्था लि.की सदस्य पार्वती उपाध्याय अधिकारी सामान्य किसान परिवारमा जन्मेकी हुन् । परिवार धान्न

अनेकौं संघर्ष गरेकी पार्वतीले २०८० आषाढमा उद्यमशीलता विकास तालिम लिइन् । तालिममा पार्वतीले व्यवसाय छनोट कसरी गर्ने, बजार कसरी खोज्ने, उत्पादन वा सेवा विस्तार गर्न के गर्ने, उचित तरिकाले मूल्य निर्धारण कसरी गर्ने आदि बारेमा ज्ञान पाउनु भएको थियो । तालिममा व्यवसायको विस्तार विविधिकरण गर्नको लागि धेरै थरी सीप र ज्ञानहरु पनि दिईएको थियो । पार्वतीलाई स्थानीय स्तरमा अवसरहरु के के हुन सक्छन् र बजार कसरी खोज्ने भन्ने विषय जान्न पाउँदा अलि बढी उत्साही बनाएको थियो । सोही सिकाईलाई उनले आफुले भर्खरै शुरु गरेको दूध डेरी व्यवसायमा लागु गरिन् । उनले दूध संकलन र बजारीकरणमा मिहेनत गरिन् । साथै स्थानीय स्तरको माग बुझेर सोही अनुसार दुग्ध व्यवसाय विस्तार र विविधकरणका लागि थप तीनलाख लगानी थपेर दही, पनिर जस्ता नयाँ उत्पादनहरु पनि शुरु गरिन् । हाल पार्वतीले पहिलाको तुलनामा दोब्बर दुध संकलन गर्छिन् । पहिला महिनामा २० हजार मुनाफा गर्न कठिन हुने पार्वतीले अहिले सबै खर्च कटाएर महीनामै ४० हजार भन्दा वढी आम्दानी गर्छिन् ।

## परिवार पाल्न अब श्रीमान् विदेशिनु पर्दैन सिता गाहा मगर



नवलपरासी हुप्सेकोटकी सिता गाहा मगरका श्रीमान मनबहादुर गाहामगरलाई गरीब परिवारको आर्थिक अवस्था सुधार्न विदेशिनु परेको थियो । गाउँको साहुसँग चर्को व्याजदरमा ऋण लिएर विदेश गएका मनबहादुरलाई सोचे जस्तो विदेश फापेन । विदेशको कमाईले आवश्यकता पूरा नहुँदा सिताले पनि नवप्रतिभा बचत तथा ऋण सहकारी संस्थाबाट ऋण लिएर ४ वटा माउ बाख्रा खरिद गरी बाख्रा पालन शुरु गरिन् । घर नजिकै जंगल क्षेत्र भएको कारण बाख्रा पालन सहज भयो । विस्तारै उहाँले बंगुर पनि थप्नु भयो । २०८०मा उहाँले दुई दिनको व्यावसायिक बाख्रापालन तालिमबाट गोठ तथा भकारो व्यवस्थापन, घाँस तथा दानाको व्यवस्थापन, रोग तथा औषधिको आधारभूत ज्ञान लगायतका विषयहरुवारे ज्ञान भयो । तालिम पछि सीप र ज्ञान सँगै उनमा थप आँट पलायो । श्रीमान विदेशवाट घर फर्केर दुबै जना मिलेर बाख्रापालनलाई अगाडी बढाउने योजना बनाए । तालिम पछि नवप्रतिभाबाट थप रु ४० हजार कर्जा थपेर गोठ सुधार र दाना व्यवस्थापनमा लगानी पनि गरे । अहिले सिता मगरका बाख्रा फस्टाएका छन् । रोगव्याधि देखा परेको छैन । उनको फार्ममा माउ, बोका, पाठापाठीहरु गरी जम्मा ५३ वटा बाख्रा छन् । अघिल्लो वर्ष १ लाख आम्दानी गरेकि सिताले आउँदो वर्षबाट सबै खर्च कटाएर कम्तीमा ३ लाख मुनाफा गर्ने योजना छ । बाख्रा पालनमा सिकेको ज्ञानले बंगुपालनलाई पनि सहज भएको छ । यो सफलता सँगै श्रीमान मनबहादुरले रोजगारीको लागि विदेश नजाने निधो गरेका छन् ।

## माउँ बाख्रा राम्रो राखे पछि बाख्रा पालन फस्टायो सुशिला कामी



दाङ रेहारकी सुशिला कामीसँग जीवन धान्न गतिलो शिक्षा, सीप तथा पुर्ख्यौली सम्पति नहुँदा जीवन संघर्षमय थियो । २०७३ सालदेखि बाख्रा पालन गरी जेनतेन गुजारा चलेको थियो । श्रीमान्ले व्यवसायमा सफल हुन नसक्दा परिवारको आर्थिक अवस्था अझ खराब थियो । जाल्पा सामुदायिक लघुवित्तकी सदस्य कामीले उद्यमशीलता विकास कार्यक्रम अन्तर्गत पाएको सीपमूलक बाखापालन तालिमबाट उन्नत माउ तथा विऊ बोका छान्ने, प्रजनन सबन्धी ज्ञान, दाना तथा औषधि र रोगव्याधिबारे जानकारी लिईन् । तालिम पछि सुशिलाले आफूले पालिरहेका माउ कमसल खालको भएको थाहा पाईन् र घरमा रहेका सबै माँउ बाख्रा प्रतिस्थापन गरिन् । यस पछि रोग लागेर पाठापाठी मर्ने कम भयो । पाठापाठी पनि स्वस्थ र धेरै उत्पादन हुन थाले । यसको परिणाम विगतका वर्षमा औषत ३ लाखको खसी बेच्ने सुशिलाको अहिले आम्दानी दोब्बरले बढेको छ । पछिल्लो वर्ष खसी बोका बेचेर उनले ७ लाख आम्दानी गरिन् । अब सुशिलाले छिट्टै बाख्रा विस्तार गर्ने योजना पनि बनाएकी छिन् ।

---

(पृष्ठ ३ बाट)

**१४औं सामाजिक व्यवसाय ...**

उत्थानको लागि जीवन विकास लघुवित्तका अनुभव र सिकाईहरु प्रस्तुत गर्नु भएको थियो । सो अवसरमा उहाँले जीवन विकासले गरीबी स्तरीकरण मापन (प्रोग्रेस आउट अफ पोभर्टी) विधि प्रयोग गरी अतिविपन्न सदस्यको पहिचानको साथै गरीब सदस्यमा आएको परिवर्तनको लेखाजोखा राख्ने गरेको उल्लेख गर्नुभयो । उहाँले नेपालमा १५ वटा वातावरणमैत्री गाउँ विकास भइसकेको र यसले गर्दा जनताको सामाजिक तथा आर्थिक जीवनमा उल्लेख्य सकारात्मक परिवर्तन देखिएको जानकारी दिनुभयो ।

तेस्रो सत्र "नेपालमा तीन शून्य क्लबहरू र तिनीहरूका गतिविधिहरू वारे अनुभव प्रस्तुती" सत्रको सहजीकरण जीवन विकास लघुवित्त वित्तीय संस्था लि. का नायव प्रमुख कार्यकारी अधिकृत दामोदर रेग्मीले गर्नु भएको थियो । सो अवसरमा उहाँले तीन शून्य क्लबको अवधारणा, यसको गठन प्रकृया लगायत हाल नेपालमा तीनशून्य क्लबको अवस्थावारे जानकारी दिनुको साथै क्लबहरू गठनबाट समाज र संस्थालाई हुने प्रत्यक्ष र अप्रत्यक्ष फाइदाबारे समेत जानकारी गराउनु भएको थियो ।

नेपाल कन्ट्री फोरमले मलेशियाको लांकावीमा सम्पन्न १३औं सामाजिक व्यवसाय दिवस, नेपाल फोरमबाट स्वीकृत ८ बुँदे मार्गचित्रलाई परिमार्जन गरी आगामी एक वर्ष भित्र कार्यान्वयन गर्ने गरी ११ बुँदे कार्ययोजना पनि पारित गरेको छ ।

# मजदुरलाई रिक्सा मालिक बनाउँदै जीवन विकास

## गरिबी, बेरोजगारी र कार्बन उत्सर्जन घटाउन समेत रिक्सा अभियान प्रभावकारी

विराटनगर १२ मोरंगका ५२ वर्षिय बुधन कामतको जीवन अभाव र गरिबीमै बित्यो। विपन्न परिवारमा जन्मेका बुधनले विराटनगर बजारमा ठेला चलाएर परिबार धाने। ३ छोरा र ३ छोरीलाई हुर्काए। कमाएको सबै खर्चेर विहेवारी गरे। पाखुरीमा बल हुँन्जेल ठेला तानेकै भरमा गुजरा भयो। पाखुरीमा बल घट्दै गए पछि भने बुधनलाई ठेला चलाउन समस्या हुन थाल्यो। बढ्दो उमेरसँगै परिवार धान्ने चिन्ताले सताउन थाल्यो।

यही विचमा जीवन विकास लघुवित्त वित्तीय संस्था लि.ले शहरी क्षेत्रमा रहेका गरीब तथा विपन्न वर्गका सदस्यलाई विद्युतीय रिक्सा मालिक बनाउने कार्यक्रम ल्यायो। विना धितो विद्युतीय रिक्सा दिन थाल्यो। जस अर्न्तगत बुधनले पनि विजुलीबाट चल्ने रिक्सा पाए। अहिले उनले रिक्सा चलाएर सहजै परिवार पाल्न सफल भएका छन्।

बुधन जस्तै विद्युतीय रिक्सा पाए पछि ५५ वर्षीय आनन्दी कामतको जीवन पनि फेरिएको छ। सुनसरी बर्जुका विपन्न सुकुम्बासी परिवारमा जन्मेका कामतको १० जनाको परिवार मन्दिरको जग्गामा आश्रय लिएर बसेको थियो। ज्यालादारी गरेर जीवन निर्वाह हुन्थ्यो।

आनन्दीले २०५० सालमा विहे गरेर विराटनगरको रानीमा बसाई सरे। फुसको घर भाडामा लिएर बसे र जीवन सहज बनाउन अनेक थरी संघर्ष गरे। शुरुमा उनले साहुको रिक्सा भाडामा लिएर रिक्सा मजदुरको रुपमा काम गरे। भाडामा रिक्सा चलाएर जीवन धान्न नसके पछि कामतले स्थानीय पानी कारखानामा मजदुरी गरे। छोरा र छोरी हुर्कन थाले पछि कारखानाको मजदुरीले पनि परिवार धान्न समस्या भयो। २०७२ सालमा कामतले जीवन विकास लघुवित्त वित्तीय संस्थाबाट ऋण लिएर सामान बोक्ने ट्याम्पो किने र बजारमा पानी बेच्न शुरु गरे। उक्त कामले कामतका आवश्यकता पूरा गर्न निकै सहज भयो। खान लाउन र छोराछोरी पढाउन पुग्न थाल्यो। छोरा हुर्कदै गए पछि सोही ट्याम्पो चलाउने इच्छा राखे। कामतले ट्याम्पो छोरालाई चलाउन दिए। तीन वर्ष अघि छोरा विहे गरेर ट्याम्पो समेत लिएर अलग भए। सहाराको आशामा रहेका कामत दम्पतिसँग न सहारा दिने ट्याम्पो रह्यो न त छोरानै आफ्नो रह्यो।



रिक्सा हस्तान्तरण कार्यक्रमको झलक

आफ्नैले साथ र सहयोग नदिए पनि उनलाई जीवन विकासले साथ दियो। बिगत तीन वर्ष देखी सहारा विहीन भएका आनन्दी कामत जीवनको उत्तरार्धमा आएर निकै समस्यामा परेका थिए। विहान बेलुकी हात मुख जोर्ने देखि स्नातक अध्ययनरत कान्छी छोरीको पिरलो थियो। जीवन कसरी चलाउने भन्ने चिन्ताले सताई रहेका बेला जीवन विकासले गरीब तथा विपन्न सदस्यलाई रिक्सा मालिक बनाउने अभियानमा समेटिए र रिक्सा पाए। हाल उनले नयाँ जोश र जाँगरका साथ काम गरी रहेका छन्। रिक्सा चलाएर दैनिक सरदर १३ सय आम्दानी हुन्छ। दैनिक ७ सय रिक्साको किस्ता तिरेर ६ सय बचाउँछन्।

आनन्दी र बुधन जस्तै शहरी क्षेत्रका अति विपन्न सदस्य जीवन विकासको रिक्सा मालिक अभियानवाट लाभान्वित भएका छन्। यस अभियान अर्न्तगत धेरै जसो अरुको रिक्सा चलाउने रिक्सा मजदुरहरु आफै रिक्सा मालिक भएका छन्। जीवन विकास लघुवित्तले आफ्ना अति विपन्न सदस्यहरुको सम्भाव्यता, क्षमता र आवश्यकता हेरी विद्युतीय रिक्सा प्रदान गर्दै आएको छ। यसका लागि स्थानीय गणपति सप्लायर्स कम्पनी सँग सहकार्य गरेको छ। "यस कार्यक्रमले विशेष गरी रिक्सा किन्ने आर्थिक हैसियत नभएका र साहुको रिक्सा चलाई जिविकोपार्जन गर्ने रिक्सा मजदुरहरुलाई समेटेको छ," जीवन विकास लघुवित्तका उद्यमशीलता विकास अधिकृत मनोज शर्माले भन्नुभयो।

दैनिक ७ सय रुपैयाँ साहुलाई तिर्ने र बचेको पैंसाले घर खर्च चलाउने गरेका रिक्सा मजदुरहरु अव आफै मालिक भएका छन्। साहुलाई तिर्ने पैसा किस्ता र आफ्नै खातामा बचत गर्छन्। रिक्सा आफ्नो भए पछि अन्य काम पनि गर्न भ्याउने र साहुको निर्देशन अनुसार चल्नु नपर्ने हुँदा दैनिकी पनि सहज भएको अनुभव रिक्सा पाउनेहरुले गरेका छन्। विद्युतीय रिक्सा प्राप्त गर्ने हरेक सदस्यले दैनिक ४ सय ४५ रुपैयाँ किस्ता तिर्छन भने २सय ५५ रुपैयाँ उनीहरुको आफ्नै खातामा बचत गर्छन। यस अनुसार २ वर्ष नियमित किस्ता तिरे रिक्सा नै आफ्नो हुन्छ। नियमित २ सय ५५ रुपैयाँ बचत गर्दा १२ महिनामा गुणस्तरीय व्याट्री फेर्ने पैसा बचत हुन्छ। त्यसो त संस्थाले रिक्सा डिलर गणपति सप्लायर्ससँग व्याट्रीमा एक वर्षको ग्यारेन्टी र ५ महिना सम्मको रिक्सा मर्मत शुल्क नलाग्ने सम्झौता समेत गरी दिएको छ।

जीवन विकास लघुवित्तका प्रमुख कार्यकारी अधिकृत सञ्जय कुमार मण्डलले विद्युतीय रिक्सा कार्यक्रमले गरीब र विपन्न सदस्यको जीवनस्तर उकास्नुको साथै वातावरण जोगाउन पनि योगदान गर्ने धारणा राख्नु भयो। "यो कार्यक्रम मुख्यतया रिक्सा मजदुरलाई मालिक बनाउन केन्द्रित छ। प्रथमत: हिजो साहुको ज्याला तिरेर रिक्सा चलाउनेहरु अब आफै मालिक बन्नु भएको छ। अनि यातायात प्रदुषणको समस्या कम गर्न पनि यसले सघाउने भयो। अहिले जीवन विकासले गरीबी र बेरोजगारी घटाउन र वातावरण संरक्षणमा विशेष जोड दिएको छ। विद्युतीय रिक्सा अभियानले यो तीन वटै उद्देश्यमा काम गर्छ। यसबाट उहाँहरुले आफ्नो परिवार पाल्ने सँगै पृथ्वी जोगाउन योगदान गर्दै हुनुहुन्छ।" मण्डलले भन्नुभयो।

यस कार्यक्रमबाट समाजमा संस्थाको लोकप्रियता बढ्नुको साथै रिक्सा कायक्रमले समेटेका सदस्यहरुमाझ असुली दर

शतप्रतिशत रहेको छ । रोजगारीको लागि देश छाड्ने युवा र विदेशबाट फर्केका बेरोजगार युवाहरुलाई स्वरोजगार बनाउनको लागि पनि यो कार्यक्रम निकै प्रभावकारी भएको छ । शिवसताक्षी ५, झापाका ३३ वर्षिया रबीन साह बैदेशीक रोजगारीबाट फर्केर अहिले रिक्सा चलाई रहेका छन् । विपन्न परिवारका रबीनले हलगोरु बेचेर पासपोर्ट बनाए । २२ वर्षको कलिलो उमेरमा साउदी हानीए । रबीनले ५ वर्ष विदेशमा पसिना बगाएर जेनतेन एउटा घर सम्म बनाए । तर विदेशमा पैसा कमाउन हुने दुख बारे राम्रै सँग बुझे । नेपालमै केही गर्ने सोचले नेपाल फर्केका रबीनलाई जीवन विकासले दिएको रिक्सा पाए पछि स्वदेशमै ढुक्कले बस्ने वातावरण बनेको छ । अहिले उनले आफ्नो परिवार सँग बसेर राम्रै आम्दानी गरी रहेका छन् । अब विदेश जानु पर्दैन भन्नेमा ढुक्क भएका छन् ।

यस कार्यक्रम अन्तर्गत रबीन जस्ता धेरै युवाहरु अहिले आफ्नै गाउँ ठाउँमा रिक्सा चलाएर स्वरोजगार बनेका छन् । रिक्सा



रिक्सा ग्रहण गर्दै रबीन साह

कार्यक्रम जीवन विकासले हाल कोशी प्रदेशका विभिन्न जिल्लामा पुर्‍याएको छ । जसवाट २५ सय जना सदस्यहरु लाभान्वित भएका छन् । यस कार्यक्रमलाई जीवन विकास लघुवित्तले आफ्नो कार्यक्षेत्र रहेको अन्य प्रदेशमा पनि विस्तार गर्ने योजना बनाएको छ ।

पछिल्लो १० वर्षमा नेपालले उत्पादन गर्ने हरित गृह ग्यासको मात्रा दोब्बरले बढेको छ । जुन ०.०२७ प्रतिशत वाट बढेर ०.०५६ प्रतिशत पुगेको छ । यसको प्रमुख कारण सवारी साधनको बढ्दो प्रयोग रहेको छ । हाल नेपालले उत्सर्जन गर्ने हरितगृह ग्यासमा ऊर्जा क्षेत्रको भूमिका सर्वाधिक छ । जसमा हामीले सवारी चलाउन आयात गरी रहेको जीवास्मा इन्धनको प्रयोग प्रमुख हुन आउँछ । नेपाल सरकारले २०४५ ई सम्म खुद कार्वन उत्सर्जन शून्यमा झार्ने लक्ष सहित २०३० ई सम्म ९० प्रतिशत निजी र ६० प्रतिशत सार्वजनिक सावरी साधन विद्युतीय बनाई सक्ने लक्ष पनि राखेको छ । जीवन विकासको विद्युतीय रिक्सा अभियानमा हाल सम्म करिब २५ सय सदस्यहरु जोडिएका छन् । यो अभियान राष्ट्रिय लक्षमा सहयोगी बन्नुको साथै मुलुकको अन्य शहर तथा संस्थाका लागि अनुकरणीय पनि हुन सक्छ ।

(पृष्ठ ४ बाट)

### स्वावलम्बन विकास केन्द्रको ...

निकाय, लघुवित्तकर्मी, ग्राहक सदस्य, विज्ञ लगायत सबै सरोकारवालाहरुलाई सहभागी गराई सम्मेलन, गोष्ठी, सेमिनार, अध्ययन, अवलोकन भ्रमण र तालिम कार्यक्रमहरू पनि सञ्चालन गर्दै लघुवित्तकर्मी एवं ग्राहक सदस्यको क्षमता विकास गर्ने कार्य गर्दै आएको छ । साथै युवा उद्यमशीलता विकास, तीन शून्य क्लबको गठन र प्रवर्द्धन, वातावरणमैत्री स्वावलम्बन गाउँ विकास आदि जस्ता कार्यहरु पनि गर्दै आएको छ ।" गिरीले भन्नुभयो ।

समारोहका सभाध्यक्ष तथा प्रमुख अतिथिबाट चौथो राष्ट्रिय लघुवित्त सदस्य सम्मेलनको कार्यवाही प्रतिवेदन पनि विमोचन गरिएको थियो । उक्त प्रतिवेदनको समीक्षा केन्द्रका पूर्व सञ्चालक सदस्य तथा नेपाल ग्रामीण विकास समाज केन्द्रका अध्यक्ष मणी कुमार अर्ज्यालले गर्नुभएको थियो । सो अवसरमा अर्ज्यालले प्रतिबेदनले सम्मेलनमा भएका विचार, छलफल तथा निष्कर्षहरुलाई कुशलतापूर्वक समेटेको धारणा राख्नुभयो । "सम्मेलनमा प्रमुख अतिथि अर्थमन्त्री डा. प्रकाश शरण महत लगायत सबै अतिथिका धारणा समेटेको छ । यसै गरी हरेक सत्रका वक्ता, सहजकर्ता तथा खुला छलफलमा सहभागी भएकाहरुको धारणा पनि समेट्न सफल भएको कारण प्रतिबेदन अझ ज्ञानवर्द्धक छ । सम्मेलनका सम्पूर्ण गतिविधि समेटनुको साथै पुस्तकको डिजाईन र प्रस्तुति पनि आकर्षक छ ।" उहाँले भनुभयो । साथै उहाँले विगतका सम्मेलनले पारित गरेका विषयहरु कार्यान्वयनमा भएका उपलब्धिबारे पनि सम्मेलन तथा प्रतिवेदनले समेटनु पर्ने सुझाव दिनुभयो ।

समारोहमा केन्द्रका प्रबन्ध समिति कोषाध्यक्ष शोभा बज्राचार्यले सहभागीहरुलाई स्वागत गर्नुका साथै स्वावलम्बन विकास केन्द्रले सामुदायिक विकास देखि लघुवित्तको प्रवर्द्धन गर्ने र पछिल्लो समय समग्र लघुवित्त क्षेत्रलाइ नै सही मार्गमा हिडाउन गरेका प्रयास निकै महत्वपूर्ण रहेको धारणा राख्नुभयो ।




चौथो राष्ट्रिय सम्मेलनको प्रतिवेदन विमोचन समारोह



वार्षिकोत्सवमा सहभागीहरु

# उद्यमशीलता विकासकालागि थप चारवटा तालिम सम्पन्न

लघुवित्त सञ्चालन गर्ने संस्थाहरुमा पछिल्लो समय खराब कर्जाको दर बढ्दो क्रममा छ । ग्राहक सदस्यहरुले अनुत्पादक क्षेत्र र घरायसी प्रयोजनका निम्ती ऋण उपभोग गर्ने प्रचलन पनि बढेको छ । जसले गर्दा लघुवित्त संस्थाहरुलाई कर्जा असुलीमा समस्या हुन थालेको छ । ऋण लिएर उद्यम व्यवसाय नगर्ने सदस्यहरु ऋणको भारले थिचिएका छन् । अनुत्पादक क्षेत्रको कर्जा प्रवाहलाई निरुत्साहित गर्दै असल सदस्यलाई सफल उद्यमी बन्न र आर्थिक रुपमा आत्मनिर्भर बन्न सघाउनु पर्ने टड्कारो आवश्यकता देखिएको छ । यही आवश्यकतालाई मध्यनजर गर्दै स्वावलम्बन विकास केन्द्रले लघुवित्त सदस्यमाझ उद्यमशीलता विकासको लागि लघुवित्तकर्मीहरुको क्षमता विकास गर्न पछिल्लो छ महिनामा चारवटा उद्यमशीलता विकास तालिम कार्यक्रम सम्पन्न गरेको छ । तालिमको उद्देश्य उद्यमशीलता सम्बन्धमा लघुवित्तकर्मीहरुको क्षमता अभिबृद्धि गर्ने र तालिम पश्चात सहभागीहरु आफ्नो कार्य क्षेत्रमा फर्केर ग्राहक सदस्यलाई सफल उद्यमी बनाउन सघाउने अपेक्षा गरिएको छ । यसले सदस्यहरूको आम्दानीका श्रोतहरु बढाउन सहयोग पुग्ने, स्थानीयस्तरमा नवप्रवर्तनमा टेवा पुग्ने, सदस्यहरु समृद्ध हुने र संस्था र शाखाको दिगोपन बढ्ने अपेक्षा समेत गरिएको छ ।

शाखा प्रबन्धक र फिल्ड कर्मचारीलाई लक्षित गरी आयोजना गरिएका तालिमहरुबाट १०७ जना लघुवित्त कर्मचारी लाभान्वित भएका छन् । तालिमको अवसरमा उद्यम, उद्यमी र उद्यमशीलताका अवधारणाहरू, सम्भावित उद्यमीहरूको पहिचान, उपयुक्त व्यवसाय चयन गर्न र सदस्यहरुले उत्पादन बढाउने तथा बजारीकरणका सीप र ज्ञानहरु, वस्तु वा सेवाको मूल्य निर्धारणका रणनीतिहरू र उत्पादित वस्तुहरूको विविधिकरण गर्ने तरिका पनि सिकाइएको थियो । त्यसैगरी तालिममा सहभागीहरुलाई स्थानीय अवसरहरू र उद्यमशीलता विकासका लागि उपलब्ध श्रोतहरूको पहिचान गर्ने, व्यवसाय दर्ता, बीमाको महत्व उद्यममा जोखिमहरुको न्यूनिकरणका लागि अवलम्बन गर्नु पर्ने उपायहरु बारे पनि जानकारी गराईएको थियो । साथै संस्थाको विभिन्न सामाजिक कार्यक्रमहरुलाई उद्यमशीलता विकास सँग कसरी जोड्न सकिन्छ भन्ने विषयमा पनि जानकारी गराईएको थियो ।

## काठमाडौंमा सम्पन्न उद्यमशीलता विकास तालिमबाट १८ जना लघुवित्तकर्मी लाभान्वित

२०८१ बैशाख २५ देखि २८ गते सम्म एक दिन फिल्ड भ्रमण सहित सम्पन्न ४ दिने उद्यमशीलता विकास तालिममा ९ वटा संस्थाका १८ जना लघुवित्तकर्मीहरू र केन्द्रका २ जना कृषि सहायकहरूको सहभागिता रहेको थियो ।

तालिम उद्घाटन समारोहमा केन्द्रका कार्यकारी प्रमुख, बेचन गिरिले लघुवित्त संस्था र लघुवित्त सञ्चालन गर्ने सहकारी संस्थाहरूमा उद्यमशीलता विकासको भूमिका र महत्वलाई जोड दिँदै यसले सदस्यहरूको जीवनस्तर माथि उकास्न सघाउने धारणा राख्नु भयो ।

केन्द्रका निर्देशक सतीश श्रेष्ठले वर्तमान परिप्रेक्षमा लघुवित्तका ग्राहक सदस्यहरु उद्यमी बन्नु अति-आवश्यक रहेको चर्चा गर्दै लघुवित्त ग्राहक सदस्यहरूलाई आफुले गरी रहेको व्यवसायबाट ऋण तिर्न सक्षम बनाउन उनीहरुलाई उद्यमी बनाउनु पर्नेमा जोडदिनु भयो । तालिमको सहजीकरण केन्द्रका सहायक निर्देशक सोपन विष्ट, वरिष्ठ अधिकृत रेणु प्रजापति र अधिकृतहरू चन्द्रकान्त पण्डित र बिज्ञा ज्ञवालीले गर्नु भएको थियो ।




केन्द्रका कार्यकारी प्रमुख तथा निर्देशक सँग तालिमका सहभागीहरु

तालिमको अवसरमा सिकाईकै एक महत्वपूर्ण अंशका रुपमा सहभागीहरुलाई ६ वटा समूहमा विभाजन गरी सफल ग्राहक उद्यमी सदस्यहरूको व्यवसाय अध्ययन/अवलोकन भ्रमण गराईएको थियो । यसवाट स्थानीय अवसरहरू र उपलब्ध स्रोतहरू पहिचान र परिचालनको बारेमा सहभागीहरुलाई प्रत्यक्ष रुपमा सिक्ने अवसर प्राप्त भएको सहभागीहरुले बताएका थिए । सो अवसरमा सबै सहभागीहरुलाई तालिम सफलताको प्रमाण पत्र प्रदान गरिएको थियो ।

## महोत्तरीको बर्दीवासमा स्वावलम्बन लघुवित्तका २४ जना कर्मचारीलाई तालिम

उद्यमशीलता विकास तामिलबाट स्वावलम्बन लघुवित्त वित्तीय संस्था लिमिटेडका २४ जना फिल्ड कर्मचारी लाभान्वित भएका छन् । २०८१ असोज १ देखि ३ सम्म महोत्तरी जिल्लाको बर्दीवासमा आयोजित तीन दिने तालिममा १४ वटा शाखाका ७ जना वरिष्ठ सहायक र १७ जना सहायक स्तरका कर्मचारी सहभागी भएका थिए ।

लघुउद्यमी सदस्यहरुको उत्थान र उनीहरुको जीविकोपार्जनमा सुधार ल्याउने उद्देश्यले




तालिममा सहभागीहरु

आयोजना गरिएको उक्त तालिम लघुवित्त क्षेत्रको वर्तमान परिदृष्यसँग निकै सान्दर्भिक रहेको सहभागीहरुको भनाई थियो । साथै सहभागीहरूले तालिममा सिकेको ज्ञान सीप आफ्नो शाखा तथा कार्य क्षेत्रमा धेरै भन्दा धेरै सदस्यलाई सफल उद्यमी बनाउन सघाउने प्रतिबद्धता व्यक्त गरे ।

केन्द्रका निर्देशक सतीश श्रेष्ठको नेतृत्वमा भएको तालिममा वरिष्ठ अधिकृत रेणु प्रजापति र वरिष्ठ सहायक सरु मगरका साथै केन्द्रका स्थानीय सहजकर्ताको रुपमा सहारा नेपाल साकोसका तालिम अधिकृत नवीन लामिछानेले सहजीकरण गर्नु भएको थियो ।

## झापामा २ वटा उद्यमशीलता विकास तालिम सम्पन्न



सहारा नेपाल साकोसमा सम्पन्न तालिमको झलक


नवोदयमा सम्पन्न तालिमका सहभागीहरुको सामुहिक तस्वीर

केन्द्रले क्षेत्रियस्तरमा पुगेर लघुवित्तकर्मीहरुको क्षमता विकास गर्ने उद्देश्यले झापा जिल्लामा साउनमा दुईवटा तालिमहरु आयोजना गरेको थियो । जसमध्ये पहिलो तालिम साउन २४ देखि २६ सम्म चारपाने, झापामा सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लिमिटेडका कर्मचारी र २०८१ साउन २७ देखि २९ सम्म नवोदय बहुउद्देश्यीय सहकारी संस्था लि.का कर्मचारीहरुको लागि केर्खामा आयोजना गरिएका थिए । शाखा प्रबन्धक तथा फिल्ड कर्मचारी लक्षित उक्त तालिमहरुमा सहारा नेपाल साकोस लि. बाट ३० जना र नवोदय बहुउद्देश्यीय सहकारी संस्थाबाट ३५ जना गरी ६५ जना लघुवित्तकर्मीहरु लाभान्वित भएका थिए ।

तालिम कार्यक्रमको सहजीकरण केन्द्रका निर्देशक सतिश श्रेष्ठ, वरिष्ठ अधिकृत रेणु प्रजापति, वरिष्ठ सहायक सरु मगरका साथै केन्द्रका स्थानीय स्रोत व्यक्तिहरु जीवन विकास लघुवित्त वित्तीय संस्था लि. का आन्तरिक लेखा अधिकृत ग्रीष्म श्रेष्ठ तथा सहारा नेपाल साकोस लि.का तालिम अधिकृत नविन लामिछानेले गर्नु भएको थियो ।

मिति २०८१ साउन २४ देखि २६ सम्म सहारा नेपाल साकोस लि.का कर्मचारीहरुको निम्ति प्रदान गरिएको तालिम कार्यक्रमको समापन समारोहमा प्रमुख अतिथि संस्थाका प्रमुख कार्यकारी अधिकृत एवं स्वावलम्बन विकास केन्द्रका प्रबन्ध समितिका उपाध्यक्ष महेन्द्र कुमार गिरीले गर्नु भएको थियो । उहाँले तालिम पूरा गर्ने सहभागीहरुलाई प्रमाणपत्र समेत प्रदान गर्नुभएको थियो ।

यस्तै मिति २०८१ साउन २७ देखि २९ सम्म नवोदय बहुउद्देश्यीय सहकारी संस्था लि.का कर्मचारी एवं सञ्चालकहरुलाई प्रदान गरिएको तालिम कार्यक्रमको समापन समारोहमा प्रमुख अतिथि, संस्थाका अध्यक्ष शरण कुमार पराजुलीले गर्नु भएको थियो । साथै उहाँले सहभागीहरुलाई प्रमाणपत्र समेत प्रदान गर्नुभएको थियो ।

(पृष्ठ ९ बाट)

### चौथो राष्ट्रिय लघुवित ...



पानेल छलफलका झलक

सम्बन्ध विस्तार गर्ने, संस्थाहरुमा नयाँ सदस्य बनाउने भन्दा भएकालाई सक्रिय बनाउन जोड दिने जस्ता निष्कर्ष यस सत्रले निकालेको छ ।

सहभागीहरुले घोषणापत्र कार्यान्वयनको लागि उक्त गोष्ठी समय सान्दर्भिक र प्रभावकारी रहेको र अझ स्पष्ट रुपमा काम गर्न सहयोगी सिद्ध भएको धारणा राख्नुभयो । सहभागीहरुको तर्फबाट धारणा राख्ने क्रममा लक्ष्मी लघुवित्त वित्तीय संस्था लिमिटेडका माधवप्रसाद शर्माले १२ बुँदे घोषणापत्रका बुँदाहरु कार्यान्वयन गर्न एउटा संस्थाले नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्ने धारणा राख्नुभयो । स्वावलम्बन लघुवित्त वित्तीय संस्था लिमिटेडकी सञ्चालक समिति सदस्य उमा जोशी बोहराले लघुवित्तले आफ्नो कार्य क्षेत्रका सरोकारवाला निकाय तथा स्थानीय तहका संघसंस्थाहरूसँगको साझेदारीमा घोषणापत्रको कार्यान्वयन प्राथमिकतामा राखेका कामहरू गर्नुपर्ने धारणा राख्नुभयो । गोष्ठिमा २६ वटा लघुवित्त गर्ने संस्थाका ४३ जना उच्च व्यवस्थापन तहका कर्मचारी तथा सञ्चालकहरुको सहभागिता रहेको थियो ।

# नेपाली लघुवित्तका प्रतिनिधिहरुद्वारा फिलिपिन्सको अग्रणी लघुवित्त संस्था आहोन सा हिराप (आशि)को लघुवित्त कार्यक्रम अवलोकन भ्रमण

नेपाली लघुवित्तका प्रतिनिधिहरूको २०८१ आषाढ १७ (जुलाई १, २०२४ई.) मा फिलिपिन्सको मनिलामा रहेको आहोन सा हिराप इन्क (आशि) द्वारा सञ्चालित लघुवित्त कार्यक्रमहरुको अवलोकन भ्रमण गरेको थियो ।

मलेसियाको एशिया प्यासिफिक डेभलपमेन्ट सेन्टरको आर्थिक सहयोगमा फिलिपिन्स विश्वविद्यालय अन्तर्गत कलेज अफ इकोनोमिक्सको एक अनुसन्धान परियोजनाको रुपमा प्रोफेसर जेनेरोसो अक्टाभियोद्वारा सन् १९८९ जनवरीमा आशिको स्थापना भएको थियो । दुई वर्षपछि आशि त्यहाँको सेक्युरिटी एण्ड एक्सचेन्ज कमिशनमा, गैर-नाफामूलक, गैर-सरकारी संस्थाको रूपमा दर्ता भयो । पछि आशिले ऋण कारोवार गर्न र विभिन्न सरोकारवाला तथा एजेन्सीहरूबाट आर्थिक सहयोग तथा अनुदान प्राप्त गर्ने कानूनी मान्यता पनि प्राप्त गर्‍यो ।

आशिले प्रोफेसर मोहम्मद युनूसको ग्रामीण लघुवित्तको अवधारणालाई आत्मसात गर्‍यो । बिस्तारै आशिले फिलिपिन्समा गरीब, विपन्नवर्ग तथा महिलाहरूको आम्दानी बढाउन, रोजगारीका अवसरहरू सिर्जना गर्न र उनीहरूको आर्थिक सामाजिक जीवनस्तर माथि उकास्न बिना धितो ऋण प्रदान गर्न थाल्यो ।

हाल आशिले आफ्ना ८० वटा शाखाहरू मार्फत अधिकांश दुर्गम क्षेत्रमा बसोवास गर्ने एक लाख २५ हजार भन्दा बढी परिवारहरूलाई सेवा प्रदान गरेको छ । आशिको असुली दर ९५ प्रतिशत रहेको छ ।

आशि फिलिपिन्सको माइक्रो-फाइनान्स काउन्सिल र माइक्रो-फाइनान्स इन्फर्मेशन एण्ड डाटा शेयरिङ क्रेडिट ब्यूरोको संस्थापक सदस्यहरू मध्ये एउटा हो । आशिका विभिन्न तालिम, लघुवित्त सेवा र अभ्यास तथा कार्यक्रमहरू स्थानीय र अन्तर्राष्ट्रियस्तरका लघुवित्त संस्थाहरूका लागि उदाहरणीय छन् ।

आशिले सदस्यहरूको ऋण फिर्ता गर्न सक्ने क्षमता राम्ररी बुझेर मात्रै लगानी गर्छ । सदस्यहरुमाझ ऋण अनुशासनको महत्व बोध गराइन्छ । ऋण अनुशासनको महत्व कायम राख्न असल सदस्यलाई प्रशंसा एवं सम्मान पनि गरिन्छ ।

साधारण ऋण सबै सक्रिय सदस्यहरूलाई आयमूलक व्यवसाय गर्नको लागि मात्रै प्रवाह गरिन्छ । यस्तो ऋणको सीमा समय अवधि अनुसार न्युनतम ५ हजार देखि १ लाख पेसो सम्मको हुने गर्छ । आशिको ग्रामीण कृषि कार्यक्रममा सदस्यहरुलाई ऋण सँगै बीमा र बजारीकरण सहयोग पनि प्रदान गरिन्छ । यसले आफ्नो कार्य क्षेत्रमा रहेका अतिविपन्न किसान र मछुवारा समुदायलाई सहयोग गर्छ । आशिसँग किसानको लागि किसान उद्यमशीलता कार्यक्रम पनि छ । यो कार्यक्रम स्थानीयस्तरका सरकारी निकाय, निजी संस्थाहरु तथा कम्पनीहरु सँगको साझेदारीमा शुरु गरिएको थियो ।

आशिले प्रदान गर्ने द्रुत ऋण सेवा गरीब र विपन्नवर्गको लागि प्रभावकारी भएको छ । उक्त ऋण सेवा छोटो अवधिको व्यावसायिक क्र्याकलापका लागि विशेष गरी चाँड, पर्व, मेला वा विशेष अवसरमा व्यापार व्यवसाय गर्नको लागि प्रदान गरिन्छ । यस प्रकारको ऋण सुविधा आशि १ को साधारण कर्जा अन्तर्गत ऋणको तेश्रो चक्रमा उत्कृष्ट ठहरिएका सबै सक्रिय सदस्यहरुले प्राप्त गर्न सक्छन् ।

आशिले आफ्ना सदस्यहरुको लागि प्रोत्साहन ऋण पनि उपलब्ध गराएको छ । यो साधारण ऋणको दोस्रो चक्र पूरा गरेका सबै सक्रिय, असल र इमान्दार सदस्यहरूलाई उपलब्ध हुन्छ ।

यसै गरी लघुबीमा कार्यक्रमको एक भागको रूपमा आशिले आफ्ना सदस्यहरूलाई बीमा कार्यक्रममा समेटेको छ । जसले कुनै अप्रिय अप्रत्याशित घटना भएमा सदस्यहरूको परिवारले क्षतिपूर्ति पाउने सुनिश्चित गरेको छ । यसको साथै आशिले आफ्ना सदस्यहरूका लागि



नेपाली भ्रमण टोली आशिको मुख्यालयमा

व्यक्तिगत, सामाजिक, आध्यात्मिक र व्यावसायिक विकासका लागि निरन्तर विभिन्न तालिम कार्यक्रमहरू सञ्चालन गर्ने गरेको छ । सदस्यकोलागि व्यवसाय बढाउँदै लैजानका निम्ति वित्तीय साक्षरता, विपद् व्यवस्थापन र व्यवसाय व्यवस्थापन जस्ता तालिमहरू पनि दिने गरेको छ । यहाँ एउटा शाखाले ३० देखि ५० वटा केन्द्रहरु हेर्ने गर्छ । पछिल्लो समय आशिले ग्रामीण कृषि कार्यक्रम मार्फत विपन्न किसान र मछुवारा समुदायमा ऋणको पहुँच विस्तार गरेको छ ।

भ्रमण टोलीले केन्द्र बैठकको अवलोकन गरी लघुवित्त कार्यक्रम सञ्चालन शुरु देखि अन्त्य सम्मको प्रक्रियाहरु, कर्जा आवेदन पेश गर्ने देखि व्यवसाय योजना पेश गर्ने, विश्लेशण गर्ने, बचत गर्ने तथा कर्जा प्रवाह गर्ने प्रक्रिया, कर्जा उपयोग आदि प्रकृयावारे जानकारी लिएका थिए । साथै कर्जा सदुपयोगिता लगायतका विषयमा सदस्यहरू सँग पनि छलफल गरेका थिए ।

आशिको प्रधान कार्यालयमा भ्रमण टोलीले संस्थागत व्यवस्थापन र सुशासन, विभागहरुको सञ्चालन, असल व्यवस्थापन, सफल अभ्यासहरु, प्रभावकारी कार्य सञ्चालन विधिहरु, संस्थागत रणनीति आदिवारे जानकारी लिनुको साथै त्यहाँका असल अभ्यास नेपालमा अनुशरण गर्न सकिने सम्भावनाबारे पनि छलफल गरेका थिए ।

सो अवसरमा स्वावलम्बन विकास केन्द्रका अध्यक्ष शंकर मान श्रेष्ठले आशिका अधिकारीहरुलाई नेपालमा लघुवित्त कार्यक्रमको कार्यशैली र हाल लघुवित्त मार्फत भै रहेको गतिविधिहरुबारे अवगत गराउनु भएको थियो । साथै उहाँले भ्रमणमा रहेका नेपाली प्रतिनिधिहरूलाई आशिका सकारात्मक अभ्यासहरु र विशेष गरी कोरोना महामारी पछि आशिले लघुवित्त कार्यक्रम प्रभावकारीरुपमा अघि बढाउन गरेका अभ्यासहरु सिक्न र नेपाल फर्केर कार्यान्वयन गर्न अनुरोध पनि गर्नुभयो ।

### भ्रमण टोलीको प्रमुख सिकाई तथा अनुशरण गर्न जनाएका प्रतिबद्धताहरु :

- कार्यक्रम कागज रहित बनाउँदा समय र खर्च बचत हुने,
- केन्द्र बैठक साप्ताहिक गर्दा सदस्यहरुमा अनुशासनको कमी नहुने, आशिले साप्ताहिक केन्द्र बैठक गर्दा राम्रो परिणाम आएको,
- संस्थाका कर्मचारीहरुले केन्द्र बैठकमा सदस्यहरुलाई संस्थाको र लघुवित्तका विषयमा भैरहेका नयाँनयाँ कार्यक्रम एवं विषयबारे जानकारी दिनु पर्ने,
- सदस्यहरुको उत्पादन तथा सेवाको बजारीकरणमा सघाउनुको साथै व्यवसायलाई विविधिकरण तथा स्तरीकरण गर्न आवश्यक पर्ने सीप, प्रविधि तथा श्रोतको व्यवस्थापन गर्न सहयोगी भूमिका निर्वाह गर्ने,
- कर्मचारीले संस्थाको कामलाई आफ्नो कामको रुपमा आत्मसात गर्नु पर्ने
- आशिले आफ्नो शाखाका कर्मचारीलाई शाखामा नै बस्ने खाने व्यवस्था मिलाएको हुँदा कर्मचारीले कार्यालयमा धेरै समय दिने हुँदा काम प्रभावकारी भएको ।

# जीवन विकास लघुवित्तद्वारा विपन्न सदस्यका पढाइमा कमजोर छोराछोरीको स्तर बृद्धिका लागि विशेष अध्ययन केन्द्र प्रारम्भ

मोरङ्ग जिल्लाको जहदा गाउँपालिका ३ जयरामपुरमा करिब १५ सय परिवार ऋषीदेव समुदायको बसोबास छ । यस समुदायमा शिक्षाको अवस्था कमजोर छ । बालबालिकाहरुमा विद्यालय छाड्ने दर उच्च छ । विद्यालय तहको शिक्षा पूरा गर्नेहरुको संख्या औँलामा गन्न सकिने मात्रै छ भने कलेज तहको शिक्षा हासिल गरेकाहरु त प्रायः शून्य छन् । अभिभावकहरु गरीब छन् । अधिकांशले ज्याला मजदुरी गरेर जीवन निर्वाह गर्छन । छोराछोरी पढाउनु पर्छ भन्ने न चेतना छ, नत पढाईको लागि ठूलो खर्च गर्ने क्षमता नै । सानोमा विद्यालय भर्ना भए पनि अभिभावकको काममा सघाउने उमेर पुगे पछि बालबालिकाहरुले विद्यालय छाड्ने गर्छन् ।

गत वर्षबाट जीवन विकास लघुवित्त वित्तीय संस्था लि.ले त्यहाँ निःशुल्क बालबालिका अध्ययन केन्द्र सञ्चालन गर्‍यो । समुदायका बालबालिका भेला पारी कक्षा सञ्चालन गर्न सहज थिएन । अभिभावकहरुको लागि छोराछोरीको पढाई आवश्यकताको विषय पनि थिएन । जीवन विकासले पहिला अभिभावकहरु सँग छलफल गर्‍यो । शिक्षाको महत्वबारे बुझाउन तीन वटा अभिमुखीकरण कार्यक्रमहरु आयोजना गर्‍यो । लामो प्रयास पछि स्थानीयहरु अध्ययन केन्द्र स्थापना गर्न सहमत भए ।

स्थानीय समुदायमा एक मात्र कलेज पढ्ने अरुण ऋषीदेवलाई शिक्षक नियुक्त गर्‍यो । अरुणले विहान ६ बजे देखि ८ बजे सम्मको समयमा स्थानीय बालबालिका भेला पारेर गृहकार्य गर्न, विद्यालयमा सिकाएको कुरा लेख्न तथा पढ्न सघाउन थाले । अरुणका अनुसार शुरुको अवस्थामा बालबालिका कक्षामा आउनै मानेनन् । घरघर गएर छोराछोरी पठाई दिन अभिभावक सँग अनुरोध गर्नु पर्‍यो । बालबालिकालाई फकाउनु पर्‍यो । जीवन विकासले कापी, कलम, किताव लगायत शैक्षिक सामाग्रीहरु पनि निशुल्क वितरण गर्न थाल्यो । यसले गर्दा बिस्तारै बालबालिकाको संख्या बढ्न थाल्यो । हाल उक्त केन्द्रमा बाल शिक्षा देखि ८ कक्षा सम्म अध्ययनरत ४५ जना वालवालिका भर्ना भएका छन् । जस मध्ये ७ जना अभिभावक सँगै गाउँ बाहिर छन् भने ३८ जना नियमित आउने गरेका छन् । सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत विगत डेढ वर्ष देखि शुरु भएको यस प्रयासबाट ऋषीदेव समुदायको शैक्षिक स्तर उकास्न आशाका किरण देखा परेका छन् ।

जयरामपुरमा जस्तै जीवन विकासले कोशी, मधेश र वाग्मती प्रदेशको आफ्नो कार्यक्षेत्रमा ६७ वटा यस्ता बालबालिका अध्ययन केन्द्रहरु सञ्चालन गरेको छ । जीवन विकास समाजले थप ५ वटा सेन्टर स्थापना गरेको छ । मोरङको, जमुनियाबाट ३ वर्ष अघि शुरु गरेको अध्ययन केन्द्र स्थापना गर्ने अभियान निरन्तर अघि बढी रहेको छ । एउटा सेन्टरमा १५ देखि ६० जना सम्म बालबालिका अध्ययन गर्दै आएका छन् । जसमा हाल विपन्न र गरीब परिवारका करिब २ हजार ६ सय बालबालिका अध्ययनरत छन् । हरेक केन्द्रमा दैनिक कम्तिमा १ घण्टा ३० मिनेट पढाई हुन्छ । यसको लागि एक केन्द्र बरावर कम्तिमा एउटा शिक्षक नियुक्त गरिएको छ । उक्त शिक्षकले बालबालिकाहरुलाई पढाउनुको साथै समुदायमा शैक्षिक चेतना बाँड्ने कार्य पनि गर्दछ ।

जीवन विकास लघुवित्त वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत सञ्जय कुमार मण्डलका अनुसार अध्ययन केन्द्रको अवधारणा अति विपन्न सदस्यहरुका बालवालिकाको शिक्षामा सघाउनको लागि शुरुवात गरिएको हो । “सदस्यहरुमा शिक्षाको ठूलो समस्या देखेपछि यो काम शुरु भएको हो । एक त अभिभावकहरु आफै पनि पढेका छैनन् । अर्कोतर्फ उनीहरु सँग बालबालिकाको लागि समय कम



जयरामपुरको अध्ययन केन्द्र

हुन्छ । एक त सरकारी विद्यालय पढ्ने थप घरमा पनि अभिाभवकको साथ र समय नहुँदा पढाई बिस्तारै कमजोर भएर बिचैमा छुट्ने हुन्छ । यही समस्यालाई हेरेर विपन्न सदस्यका बालबालिकालाई घरमा पनि पढ्ने वातावरण बनाई दिन खोजेको हो । यसमा थप हामीले शैक्षिक सामाग्री प्रदान गर्नुको साथै प्रत्येक केन्द्रमा एकजना दक्ष शिक्षक समेत राखेका छौँ । यसको परिणाम उनीहरु पढने विद्यालय र अभिाभावक सबै बाट राम्रो आएको छ ।” मण्डलले भन्नुभयो ।

जीवन विकास लघुवित्तका संस्थागत तथा सामाजिक विकास विभाग प्रमुख विजय कुमार मण्डलले शाखा प्रमुखले आफ्नो कार्यक्षेत्रको गरीब, विपन्न तथा पछाडी परेको समुदायबाट आवश्यकता पहिचान गरी माग गर्ने र सो मागलाई जिल्ला र केन्द्रले अध्ययन गरी केन्द्र स्थापना गर्न स्वीकृति दिने बताउनु भयो ।

अध्ययन केन्द्रलाई दिगो र प्रभावकारी बनाउन स्थापना गर्नु अघि सम्बन्धित शाखाबाट समुदायमा गएर सम्भाव्यता अध्ययन गरिन्छ । अभिभावकलाई अभिमुखिकरण गरिन्छ । अभिभावकको सहमति र माग बमोजिम शाखाले जिल्ला कार्यालयमा माग गरी निवेदन पठाउँछ । उक्त माग अनुसार निरीक्षण गरी जिल्लाले केन्द्रमा पठाउँछ । केन्द्रको स्वीकृति पछि वातावरणीय रुपमा समेत उपयुक्त हुने स्थान हेरी अध्ययन केन्द्र स्थापना गरिन्छ ।

केन्द्र स्थापना पछि निरीक्षण प्रकृया पनि नियमितरुपमा गरिन्छ । नियुक्त गरिएका शिक्षक वा शिक्षिकाले साप्ताहिक रुपमा उपस्थित विद्यार्थीको हाजिरी र कक्षाको फोटो शाखा प्रमुखलाई पठाउनु पर्छ । शाखाबाट मासिक, जिल्लाबाट त्रैमासिक, ईलाका कार्यालयवाट अर्धवार्षिक र केन्द्रिय कार्यालयबाट वार्षिक रुपमा अध्ययन केन्द्रको निरीक्षण गरिन्छ ।

बालबालिका अध्ययन केन्द्र स्थापना भएका समुदायमा अहिले बालबालिकाको शिक्षामा उल्लेख्य सुधार आएको छ । साथै अभिभावकमा पनि चेतना विकास भएको छ । अध्ययन केन्द्र स्थापना भएको समुदायका बालबालिकाहरुमा विगतमा पढाई प्रति चाँसो थिएन । पढ्नको लागि कापी, कलम समेत अभाव हुन्थ्यो । विद्यालय अघि पछिको समय घरमा पढ्ने वातावरण हुदैनथ्यो । बालबालिकाको पढाईको लागि अभिभावकले कापी कलम किन्न मन गर्दैनथे । बरु अलि उमेर पुग्न थाले पछि विद्यालय गएर समय बिताउनुको साटो आफ्नो काममा सघाओस् भन्ने चाहाना पनि धेरै अभिभावकको हुन्थ्यो । तर अहिले अवस्था फेरिदै गएको छ । छोराछोरी अध्ययन केन्द्र जाँदा अभिभावकले अरु काम गर्न पाएका छन् । पढ्दा राम्रो हुन्छ भन्ने चेतना बढेको छ । बालबालिकामा पनि पढ्ने बानीको विकास भएको छ । विद्यालयमा उनीहरुको नतिजा पनि राम्रो छ । विद्यालय बिचैमा छाड्ने दर उल्लेख्य मात्रामा घटेको छ । अभिभावक पनि खुशी भएका छन् । साथै अन्य क्षेत्रवाट पनि जीवन विकास लघुवित्तले गरी रहेको यस कार्यक्रमको प्रशंसा भै रहको छ ।

# १३ जना लघुवित्त प्रशिक्षकले पुरा गरे १० दिने प्रशिक्षक प्रशिक्षण तालिम




तालिममा सहभागीहरु



उद्घाटन समारोहलाई सम्बोधन गर्दै केन्द्रका निर्देशक सतिश श्रेष्ठ

स्वावलम्बन विकास केन्द्रको समन्वयमा २०८१ बैशाख १२ देखि २१ सम्म ९ वटा लघुवित्त तथा लघुवित्त गर्ने सहकारी संस्थाका १३ जना प्रशिक्षकहरुले प्राविधिक प्रशिक्षण प्रतिष्ठानबाट १० दिने एडभान्स प्रशिक्षक प्रशिक्षण तालिम पुरा गरेका छन्। तालिममा लघुवित्त तथा लघुवित्त गर्ने सहकारी संस्थाका तालिम तथा उद्यमशीलता विकास विभागका अधिकारीहरुको सहभागिता रहेको थियो ।

तालिम उद्घाटनको अवसरमा बोल्दै प्रतिष्ठानका कार्यकारी निर्देशक डा. अनोज भट्टराईले प्राविधिक प्रशिक्षण प्रतिष्ठानले यस तालिम अन्तर्गत कुशल तथा दक्ष श्रोत व्यक्तिहरु उत्पादन गर्ने लक्ष अनुरुप काम गर्दै आएको र यसपटक देखि लघुवित्त क्षेत्रका प्रशिक्षकहरुलाई प्रशिक्षण विधामा दक्ष बनाउने शुरुवात स्वावलम्बन विकास केन्द्र सँगको सहकार्यबाट शुरु भएको धारणा राख्नु भयो ।

तालिम कार्यक्रम समापनको अवसरमा केन्द्रका कार्यकारी प्रमुख बेचन गिरीले तालिममा सिकेको सीप लघुवित्त क्षेत्रलाई मूल्य मान्यता अनुरुप अघि बढाउन र लक्षित वर्गमा वित्तीय साक्षरता फैलाउनमा प्रयोग गर्ने अपेक्षा रहेको बताउनु भयो । साथै उहाँले तालिमको सिकाई कार्यक्षेत्रमा फर्केर आफ्ना सहकर्मीहरुलाई सिकाउन, बुझाउन पनि आग्रह गर्नुभयो ।

सो अवसरमा प्राविधिक प्रशिक्षण प्रतिष्ठानका तालिम निर्देशक अरविन्द चौधरीले कार्यस्थलमा फर्केर तालिमहरु गरे मात्रै सिकाइको औचित्य र उपादेयता हुने धारणा राख्नु भयो ।

स्वावलम्बन विकास केन्द्रका निर्देशक सतिश श्रेष्ठले लघुवित्त तथा लघुवित्त गर्ने सहकारी संस्था तथा लघुवित्तकर्मीको क्षमता विकासमा स्वावलम्बन विकास केन्द्रले विभिन्न अवसरहरु प्रदान गर्ने क्रममा उच्च स्तरको तालिम संयोजन गरेको बताउनु भयो । साथै उहाँले यो सहकार्यले दुबै संस्थाले एक अर्काबाट सिकेर लाभ उठाउन सक्ने धारणा राख्नुभयो ।

तालिमको सहजीकरण प्राविधिक प्रशिक्षण प्रतिष्ठानका मिना खरेल, राजु श्रेष्ठ र विश्वास गुरुङले गर्नु भएको थियो । सहजकर्ताहरुले कुशल तथा सफल प्रशिक्षक बन्न आवश्यक चारवटा विषयहरु, पाठ्यक्रम वा शैक्षिक सामाग्रीको डिजाइन गर्न, निर्माण गर्न, लागु गर्न र त्यसको मूल्यांकन गर्नमा सक्षम हुने गरी सैद्धान्तिक, व्यवहारिक तथा अभ्यास कक्षाहरु सञ्चालन गर्नु भएको थियो। उक्त पाठ्यक्रममा सीप तथा ज्ञानको पहिचान गर्ने, अन्तिम कार्यसम्पादन उद्देश्य लेखन तथा मूल्यांकन, पाठयोजना निर्माण र प्रयोग, पाठ्यक्रम निर्देशिकाको निर्माण र प्रयोग, लगबुकको प्रयोग, प्रस्तुतिकरण निर्देशिकाको निर्माण तथा प्रयोग लगायतका विषयहरु समेटिएका थिए। साथै प्रशिक्षकमा हुनु पर्ने सीपहरु प्रस्तुतिकरण, प्रश्न गर्ने तरिका, पृष्ठपोषण लिने र दिने तरिका आदि बारे पनि सिकाईएको थियो। तालिमको अवसरमा प्रशिक्षण कार्यलाई वातावरणमैत्री र लैङ्गिकमैत्री कसरी बनाउन सकिन्छ भन्ने विषयहरु पनि समेटिएका थिए ।

तालिम समापन अवसरमा सहभागीहरुको तर्फवाट बोल्दै स्वावलम्बन लघुवित्त वित्तीय संस्थाका मुक्ति यादव र नवप्रतिभा बचत तथा ऋण सहकारी संस्थाका टिका काफ्लेले १० दिन सम्म सिकेको कुरा कार्य स्थलमा उपयोगी हुने धारणा राख्नु भएको थियो ।

# स्वावलम्बन विकास केन्द्रका चार जना अधिकारी दिक्षित




दिक्षित हुने केन्द्रका अधिकारीहरु

२०८० बैशाख १२ देखि २१ गते सम्म सञ्चालन भएको १० दिने प्रशिक्षक प्रशिक्षण तालिम कार्यक्रमबाट स्वावलम्बन विकास केन्द्रका चार जना अधिकारी दिक्षित भएका छन् । उक्त कोर्ष पूरा गर्नेमा केन्द्रका बरिष्ठ अधिकृत रेणु प्रजापति, अधिकृत द्वय चन्द्र कान्त पण्डित र बिज्ञा ज्ञवाली र बरिष्ठ सहायक सरु मगर रहेका छन् ।

केन्द्रले आफ्ना कर्मचारीहरुको क्षमता विकास कार्यक्रम अन्तर्गत उनीहरुलाई आगामी दिनमा स्रोत व्यक्तिको रुपमा विकास गर्न र थप क्षमता विकास गर्न उक्त अवसर प्रदान गरेको हो ।

नेपाल सरकार प्राविधिक प्रशिक्षण प्रतिष्ठान भक्तपुरले प्रदान गरेको उक्त तालिम कोर्ष नेपाल सरकारले मान्यता प्रदान गरेको कोर्ष हो ।

# लघुवित्त सदस्यहरुलाई डिजिटल पहुँच पुऱ्याउन ग्रामीण भेगका
# लघुवित्त सदस्यलाई डिजिटल साक्षरता तालिम




काठमाडौंमा सम्पन्न तालिममा सहभागीहरु

कोरोना महामारी पश्चात नेपालको प्रमुख शहरहरुमा डिजिटल अनलाईन सेवाहरु जस्तै शपिङ्ग, रेष्टुरेन्ट अर्डर, सामान ढुवानी लगायत पठाओ, टयाक्सी आदि जस्ता सेवाहरुको विकास तिब्र रुपमा बढदै छ । राजधानी र नजिकका शहरी क्षेत्रमा प्रख्यात हुदै गएको डिजिटल सेवाहरुले देशको अर्थतन्त्रमा योगदान दिन अहम भूमिका खेल्न सक्ने चर्चा भै रहँदा ईन्टरनेट प्रविधिमा पहुँच भएका ग्रामीण तथा अन्य शहर बस्तीहरुमा यसको प्रयोग न्यून रहेको अवस्था छ । ग्रामीण क्षेत्र तथा साना शहरमा बसोबास गर्ने लघुवित्तका उद्यमी सदस्यहरुको सेवा एवं बस्तुहरुको समेत ईन्टरनेट वा अनलाईन बजारमा उपस्थिति जनाउन अत्यावश्यक रहेकोले यस केन्द्रले उद्यमी सदस्यहरुको आम्दानी बढाउन तथा व्यवसाय विस्तारमा सघाउनको निम्ति लघुवित्तका उद्यमी सदस्यहरुको लागि ३ दिने तालिम पाठयक्रमको विकास गरेको छ ।

जस अनुसार केन्द्रले शहरी तथा अर्ध शहरी क्षेत्रका लघुवित्त सदस्य लक्षित २ वटा डिजिटल साक्षरता तालिम कार्यक्रम सम्पन्न गरेको छ । उक्त तालिमबाट ५७ जना लघुवित्तका उद्यमी सदस्यहरु लाभान्वित भएका छन् । २०८१ आषाढ ११ देखि १३ सम्म काठमाडौँमा सम्पन्न पहिलो तालिम बाट ७ वटा लघुवित्त संस्थाका १८ जना र २०८१ साउन ३१ देखि भाद्र १ सम्म झापामा सम्पन्न तालिमबाट सहारा नेपाल साकोसका ३९ जना सदस्यहरु लाभान्वित भएका छन् । विगतमा समाजको आर्थिक सामाजिक संरचनामा पछि परेको लघुवित्तको लक्षित वर्ग पनि डिजिटल प्रविधिको पहुँचमा रहेर सम्पन्नता तर्फ लम्किन सकोस भनेर यस तालिम कार्यक्रमको थालनी गरिएको हो ।

तीन दिने तालिम कार्यक्रममा लघुउद्यमी सदस्यहरुलाई भाइबर, टिकटक, फेसबुक तथा म्यासेन्जर आदि जस्ता सामाजिक सञ्जाल एप र दराज जस्ता अनलाई बजारका व्यवहारिक ज्ञान र सीपहरू बारे सिकाईएको थियो । यस क्रममा डिजिटल उपकरणहरूको सुरक्षित र प्रभावकारी प्रयोग, सदस्यहरुको उत्पादन डिजिटल बजारमा राख्ने प्रकृया, अनलाईन व्यवसाय व्यवस्थापन तथा प्रवर्द्धनका लागि प्रचलित र प्रभावकारी डिजिटल माध्यमहरूको प्रयोग, विभिन्न सामाजिक सञ्जालमार्फत धेरै भन्दा धेरै ग्राहकहरू सम्म पुग्ने उपायहरु, अनलाईन वित्तीय कारोवारबारको फाइदा तथा जोखिम लगायत विषयहरु समेटिएका थिए ।

तालिम सत्रहरुमा प्रशिक्षण सामाग्रीको रुपमा सैद्धान्तिक अवधारणाको साथै, भिडियो कक्षा, छलफल र धेरैजसो अभ्यासहरु समाबेश गरिएको थियो ।

झापाको चारपानेमा सम्पन्न तालिममा सहारा नेपाल साकोसका सदस्य तथा "पवित्रा गार्डेन" नामक लोकप्रीय युट्यूब च्यानलका सञ्चालक पवित्रा क्षेत्रीले आफ्नो अनलाईन व्यवसाय अनुभव प्रस्तुत गर्नु भएको थियो । नर्सरी व्यवसायमा संलग्न क्षेत्रीले युटुव च्यानलमा व्यवसाय प्रवर्द्धन गर्दै आउनु भएको छ । उहाँको च्यानलमा ६५ हजार दर्शक रहेका छन । नर्सरी बिक्रि बाहेक युट्यूव च्यानलबाट मात्रै उहाँले मासिक २५ देखि ४५ हजार रुपैयाँ सम्म आम्दानी गर्दै आउनु भएको छ ।

तालिमको अवसरमा सहभागीहरूलाई नेपालको सबै भन्दा ठूलो अनलाईन बजार (ई-कमर्स) दराजमा आफ्नो व्यवसाय दर्ता गर्न तथा अनलाईन बजारका लागि आफ्नो उत्पादनको उच्च गुणस्तरको फोटो खिच्न सिकाउने जस्ता व्यावहारिक अभ्यासहरू पनि गराइएको थियो । तालिमले उपभोक्तालाई आकर्षित गर्न ब्रान्डिङ र प्याकेजिङलाई कसरी राम्रो बनाउने भन्ने तरिकाहरु पनि सिकाएको थियो ।

तालिमको सहजीकरण स्वावलम्बन विकास केन्द्रका तालिम विभागका निर्देशक सतिश श्रेष्ठ, बरिष्ठ अधिकृत रेणु प्रजापति, अधिकृत बिज्ञा ज्ञावाली एवं बरिष्ठ सहायक सरु मगर र माइक्रोसेभ कन्सल्टिङ सिंगापुरका सहायक प्रबन्धक अंकुर श्रेष्ठले गर्नु भएको थियो ।

सहभागीहरूले व्यवहारिक अभ्यास गर्न पाउँदा तालिम निकै फलदायी र उपलब्धिपूर्ण रहेको र आफ्नो उत्पादन र व्यवसाय प्रवर्द्धनको लागि डिजिटल माध्यमको प्रयोग गर्न उत्साही भएको धारणा राखेका थिए ।



आफ्ना अनुभव प्रस्तुत गर्दै पवित्रा क्षेत्री



झापामा सम्पन्न तालिमको झलक

**स्वावलम्बन विकास केन्द्र (CSD)**
*– Institute of Microfinance & Cooperative Development*
पो.ब.नं. ८८५२, माइतीघर हाईट, काठमाडौं, नेपाल
फोन : ९७७-१-५३६५६३५, ५३५६७८६, Email: csd@mos.com.np, Web: www.csdnepal.org.np